# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १०८ | काठमाडौं | बिहीबार, २४ साउन २०८१ | Prabhab National Daily | Thursday, August 08, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## औषधि उत्पादनमा एभरेस्ट प्यारेन्टेरल्सको बदमासी

### प्यारासिटामोल इन्फ्युजन र सप्रोफ्लोक्सासिन ड्रपमा भेटियो ब्याक्टेरिया





उमंग राणासरिया

■ प्रभाव संवाददाता

- एभरेस्ट प्यारेन्टेरल्स प्रालिले उत्पादन गर्ने गरेका प्रायः सबै औषधिमा कैफियत
- गुणस्तरहीन औषधि उत्पादन गर्ने एभरेस्ट प्यारेन्टेरल्समाथि कारबाही गर्न सरोकारवाला निकायबाट बेवास्ता

**काठमाडौं–** एभरेस्ट प्यारेन्टेरल्स प्रालिले उत्पादन गरेको प्यारासिटामोल इन्फच्युजन र सिप्रोफ्लोक्सासिन ड्रपमा मानव स्वास्थ्यका लागि प्रतिकूल ब्याक्टेरियासहितको फंगल भेटिएको छ । वीरगञ्ज पथलैयास्थित औद्योगिक करिडोरमा रहेको यो कम्पनी विश्वव्यापीरूपमा कोभिड माहामारीका समयमा मुलुकमा कोभिड-१९ को भाइरस परीक्षणका लागि भिटिएम किट उत्पादन सुरु गरेर चर्चामा आएको थियो । यही कम्पनीको उत्पादन प्यारासिटामोल इन्फच्युजन र सिप्रोफ्लोक्सासिन ड्रपमा ब्याक्टेरियासहितको फंगल भेटिएको हो ।

सन् २०२३ मा उत्पादन भएको र २०२५ अक्टोबरमा म्याद गुज्रिने ब्याच नम्बर सिटिएल ०२१ को प्यारासिटामोल इन्फच्युजन र यही वर्ष २०२४ मा उत्पादन भई जनवरी २०२६ मा म्याद सकिने इसिई२२१ ब्याच नम्बर रहेको सिप्रोफ्लोक्सासिन ड्रपमा ब्याक्टेरिया सहितको फंगल भेटिएसँगै अन्य औषधि बिक्रेताको साथै चिकित्सकहरू समेत तरंगित भएका छन् । नेपाली औषधि बजारमा दुई अर्बभन्दा बढी लगानीमा अत्याधुनिक प्रयोगशाला, उच्च प्रविधिको अनुसन्धानसहित दर्जनौं गुणस्तरीय उत्पादनहरू बजारमा बिक्रीवितरण गर्दै आएको दाबी गर्ने एभरेस्ट प्यारेन्टेरल्सले उत्पादन गरेको औषधिमा ब्याक्टेरिया भेटिएसँगै यस कम्पनीले उत्पादन तथा बिक्री गरिरहेका अन्य औषधिको विषयमासमेत प्रश्न उठेको छ ।

(क्रमशः पृष्ठ २ मा)

# दुई साताभित्रै दोस्रो हवाई दुर्घटना

- भक्तपुरको नलिनचोकबाट रसुवाको स्याफ्रुबेसीका लागि उडेको एयर डाइनेस्टीको हेलिकप्टर नुवाकोटमा दुर्घटना
- पाइलट अरूण मल्लसहित चारजना चिनियाँ नागरिकको मृत्यु
- मृतकहरूको शव पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पतालमा ल्याइयो
- दुर्घटनाको छानबिन गर्न तीन सदस्यीय जाँचबुझ आयोग गठन



■ प्रभाव संवाददाता

**काठमाडौं–** एयर डाइनेस्टीको हेलिकप्टर बुधबार नुवाकोटमा दुर्घटना हुँदा पाँचजनाको मृत्यु भएको छ । भक्तपुरको नलिनचोकबाट चारजना चिनियाँ पर्यटक लिएर रसुवाको स्याफ्रुबेसीका लागि उडेको उक्त हेलिकप्टर नुवाकोटको शिवपुरी गाउँपालिकास्थित सूर्यचौर जंगलमा दुर्घटना भएको हो ।

दुर्घटनामा पाइलट अरुण मल्लसहित चिनियाँ नागरिकहरू जुताङ ताङ, ताइ ली, यीयाम वु र जेमिङ जीको मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक पाँचै जनाको शव संकलन गरेर त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा ल्याइएको छ । ती शव पोस्टमार्टमपछि परिवारलाई हस्तान्तरण गरिने नेपाल नागरिक उड्डयन प्राधिकरणले जानकारी दिएको छ ।

प्राधिकरणका प्रवक्ता ज्ञानेन्द्र भुलले दिएको जानकारीअनुसार बुधबार दिउँसो १:५४ मिनेटमा भक्तपुरबाट उक्त हेलिकप्टर उडेको थियो । उडेको तीन मिनेटमै उक्त हेलिकप्टर सम्पर्कविहीन भएको थियो । प्रत्यक्षदर्शीका अनुसार हेलिकप्टर रुखमा ठोक्किएर आगो लाग्दै झरेको थियो । दुर्घटनाको कारण खुलिसकेको छैन । नुवाकोटका प्रहरी उपरीक्षक (एसपी) शान्तिराज कोइरालाका अनुसार खराब मौसमका कारण दुर्घटना भएको हुनसक्छ ।

दुर्घटनास्थलमा पर्यटनमन्त्री बद्री पाण्डे पुगेका थिए । नेपाली सेनाको हेलिकप्टर उद्धारका लागि परिचालन गरिएको थियो । तर, उद्धार भने हेलिकप्टर सम्पर्कविहीन भएको ४५ मिनेटपछि मात्रै भएको थियो । घटनालाई लिएर प्रधानमन्त्री केपी शर्मा ओलीले दुःख व्यक्त गरेका छन् । उनले १४ दिनपछि अर्को हवाइ दुर्घटना हुनु दुःखद् भएको बताएको उनको सचिवालयले जनाएको छ । उक्त दुर्घटनाका सम्बन्धमा मन्त्रिपरिषद्को आकस्मिक बैठक बसी बुधबार नै जाँचबुझ आयोग गठन गरेको छ । सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङका अनुसार सरकारले उक्त दुर्घटनाको जाँच गर्न नेपाली सेनाका वरिष्ठ पाइलट सुवास थापा संयोजक रहेको तीन सदस्यीय जाँचबुझ आयोग गठन गरी जिम्मेवारी दिएको छ । छानबिन गरी सत्यतथ्य बुझाउन आयोगलाई ३० दिनको समय दिइएको उनले बताए ।

दुई साताअघि मात्रै काठमाडौंस्थित त्रिभुवन विमानस्थलमा सौर्य एयरलाइन्सको विमान उडेको केही सेकेन्डभित्रै दुर्घटनामा पर्दा एक बालकसहित १८ जनाको मृत्यु भएको थियो । दुई साताभित्रै दोस्रो हवाई दुर्घटना हुनुले हवाई सुरक्षामा गम्भीर प्रश्न उब्जाएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## जन्मथलो फर्किने पाइलट मल्लको योजना अधुरै

■ सन्तोष गौतम



**म्याग्दी–** नुवाकोटमा बुधबार दुर्घटना भएको एयर डाइनेस्टीको ९ एन-एजेडी हेलिकप्टरका पाइलट अरुण मल्लको जन्मथलो म्याग्दीको रघुगंगा गाउँपालिका-२ भगवती हो । पछिल्लोपटक गत चैतमा भगवती आएका मल्लले आफन्त र छिमेकीहरूसँग जन्मथलो फर्किएर सेवानिवृत जीवन बिताउने योजना सुनाएका थिए । 'रिटायर्ड लाइफ बिताउन गाउँ आउने योजनाअनुसार पुरानो घर मर्मत गर्न थाल्नुभएको थियो,' अरुणका भतिज रिम मल्लले भने, 'काका (अरुण) को योजना सुनेर उत्साहित भएका हामी दुर्घटनाको खबरले मर्माहत भएका छौं ।'

मल्लको भगवतीमा रहेको पुख्यौली घर पुरानो भएकाले जीर्णोद्धार थालिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# कुवेतमा घरेलु श्रमिकलाई भिसा परिवर्तन गर्ने अवसर

### कुवेत सरकारले घरेलु कामदारलाई भिसा परिवर्तन गरी निजी क्षेत्रमा काम गर्न दिने व्यवस्था गत जुलाई १४ बाट कार्यान्वयनमा ।

■ प्रभाव संवाददाता



**काठमाडौं–** कुवेत सरकारले आप्रवासी घरेलु कामदारले भिसा परिवर्तन गरी निजी क्षेत्रमा पनि काम गर्न पाउने कानुनी व्यवस्था गरेको छ । कुवेतको यो निर्णयले घरेलु श्रम गरिरहेका नेपालीसहित थुप्रै आप्रवासी कामदारले लाभ लिनसक्ने बताइएको छ ।

कुवेत सरकारले घरेलु कामदारले भिसा परिवर्तन गरी निजी क्षेत्रमा काम गर्न पाउने नयाँ नियम गत जुलाई १४ बाट कार्यान्वयनमा ल्याएको छ । उक्त व्यवस्थाबाट खासगरी घरेलु कामदारको भिसामा त्यहाँ पुगेर अन्य क्षेत्रमा काम गर्न चाहने नेपालीहरूलाई लाभ पुग्ने देखिएको गैरआवासीय नेपाली संघ कुवेतले जनाएको छ । संघका वरिष्ठ उपाध्यक्ष दिलकुमार पाख्रिनले घरेलु कामदारको भिसा हुनेले यसअघि पनि जोखिम मोलेर अन्य क्षेत्रमा आकर्षक कमाइ गरिरहेको बताउँदै कुवेत सरकारको पछिल्लो निर्णयबाट सबैभन्दा बढी फाइदा घरेलु कामदारले लिनसक्ने उल्लेख गरे ।

कुवेत सरकारले तय गरेको नियमअनुसार नेपालबाट जाने घरेलु कामदारले दर्ता भएका रोजगारदातासँग कम्तीमा एक वर्ष काम गरेपछि मात्रै भिसा परिवर्तनको सुविधा पाउन योग्य हुने उल्लेख गरिएको छ । खाडी मुलुकहरूमा श्रम कानुनअनुसारको कार्यस्थल सार्ने प्रक्रियालाई गतिशील गराउने उद्देश्यका साथ कुवेत सरकारले भिसा परिवर्तनको नियम ल्याएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यम बिबिसीले जनाएको छ ।

भिसा परिवर्तनको नियम लागू हुनुले ठूलो संख्यामा आप्रवासी कामदार खुसी भए पनि सीमित कामदारले मात्रै उक्त अवसर पाउनसक्ने कुवेतस्थित नेपाली दूतावासले जनाएको छ । भिसाको वर्गीकरण परिवर्तन गर्न आफूले काम गरिरहेको मालिक वा परिवारको अनुमति अनिवार्य पारिएकाले नेपाली घरेलु कामदारलाई ठूलो फरक नपर्ने बताइएको छ ।

सन् २०२३ को अन्त्यमा सार्वजनिक गरिएको तथ्यांकअनुसार कुवेतमा एक लाख सात हजारबढी नेपालीहरू घरेलु तथा निजी क्षेत्रमा कार्यरत रहेको दूतावासले उल्लेख गरेको छ । 'कुवेतमा नेपाली घरेलु कामदारको संख्या ३० हजारको हाराहारीमा रहेका पाएका छौं,' दूतावासका प्रथम सचिव प्रेमराज गौतमले भने, 'तीमध्ये ९५ प्रतिशतभन्दा बढी महिला कामदार रहेका छन् ।'

नेपालबाट घरेलु कामदारको रूपमा नेपाली महिलाहरूलाई कुवेत जान प्रतिबन्धित भए पनि गैरकानुनी बाटो हुँदै हजारौंको संख्यामा त्यहाँ पुग्ने गरेका बताइन्छ । नेपालबाट गैरकानुनीरूपमा कुवेत पुगे पनि त्यहाँ पुगेपछि व्यक्तिले प्रायोजन गरेर वैधानिक घरेलु कामदारको रूपमा परिणत हुन पाउने व्यवस्था रहेको गौतमले बताए । अनुमतिविना आफ्नो प्रायोजकलाई छाडेमात्र उनीहरू गैरकानुनी हुने उनले जानकारी दिए ।

घरेलु श्रमिकको अत्यधिक माग भइरहेको कुवेतमा भिसा परिवर्तन गरी निजी क्षेत्रमा काम गर्न दिने व्यवस्था ल्याइनु सकारात्मक कदम भएको श्रम तथा आप्रवासनविज्ञ रामेश्वर नेपालले बताए । 'लामो समयदेखि एकै व्यक्तिको घरमा काम गर्दा आप्रवासी कामदारमा पर्नसक्ने मनोवैज्ञानिक असर कम गर्न यस्तो नियम ल्याइएको हुन सक्छ,' उनले भने, 'यसले नेपाली मात्र होइन समग्र आप्रवासी घरेलु कामदारहरू लाभान्वित हुन सक्छन् ।'

(क्रमशः पृष्ठ २ मा)

# शीर्ष नेता टिआरसीमा समझदार



■ जेबी योञ्जन

- टिआरसी विधेयकमा सहमति जुटाउन बनेको कार्यदलले बुझायो शीर्ष नेतालाई प्रतिवेदन
- संसद्को जारी अधिवेशनमै टिआरसी विधेयक पारि गर्ने प्रधानमन्त्री ओलीको प्रतिबद्धता
- राजनीतिक नेतृत्वका लागिमात्रै नभएर शान्ति र स्थिरता यो महत्त्वपूर्ण भएको माओवादी अध्यक्ष दाहालको भनाइ
- नेपालले यसलाई टुंगोमा पुऱ्याए संसारकै लागि अनुकरणीय हुने कांग्रेस सभापति देउवाको दाबी

**काठमाडौं–** झण्डै दुई दशकदेखि नटुंगिएको द्वन्द्वकालीन मानवअधिकार उल्लंघनका घटनाको न्याय निरूपण गर्न मापदण्ड तयार भएको छ । कांग्रेस, एमाले र माओवादी सम्मिलित कार्यदलले मापदण्ड तयार गरेर बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीसँगै कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई प्रतिवेदन बुझाएको छ ।

प्रतिवेदन बुझेपछि प्रधानमन्त्री ओलीले संसद्को जारी अधिवेशनमै संक्रमणकालीन न्यायसम्बन्धी कानुन (टिआरसी)पारित गर्ने प्रतिबद्धता जनाएका छन् । उनले सिंहदरबारमा पत्रकारहरूसँगको कुराकानीमा भने, 'यसै अधिवेशनमा पास गर्छौं । यसमा पर्खनुपर्ने केही छैन, काफी छलफल भइसकेको छ ।'

ओलीले टिआरसीबारे थप छलफल गर्न नपर्ने पनि बताए । उनले आयोगहरूको पूर्णता र कानुनको कार्यान्वयन पनि तीव्रताका साथ हुने दाबी गरे ।

प्रमुख प्रतिपक्षी दल तथा द्वन्द्वका सरोकारवालापक्ष नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले राजनीतिक नेतृत्वका लागिमात्रै नभएर शान्ति र स्थिरताको चाहना गरिरहेका समग्र जनताको निम्ति खुसीको कुरा भएको बताए । 'यो खुसीको कुरा हो । राजनीतिक नेतृत्वका लागिमात्र नभएर देशमा शान्ति र स्थिरताका लागि यो विधेयकलाई पास गर्नेतिर अघि बढ्नुपर्छ,' दाहालले भने ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले कार्यदलले गरेको कामका लागि धन्यवाद दिएका छन् । 'नेपालले अब यसलाई टुंगोमा पुऱ्याएको खण्डमा संसारकै लागि अनुकरणीय हुन्छ,' देउवाले भने । शीर्ष नेतृत्वलाई विधेयक बुझाएसँगै अब कानुन, न्याय तथा मानवअधिकार समितिको बैठक आज (बिहीबार) बस्ने तय भएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**पृष्ठ १ बाट क्रमशः**

## दुई साताभित्रै...

नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्यांकअनुसार पछिल्लो १० वर्षमा नेपालमा बर्सेनि हेलिकप्टर दुर्घटना हुँदै आएको छ । एयर डाइनेस्टीको यो दुर्घटना नेपालमा हालसम्म भएका ४१औं हेलिकप्टर दुर्घटना हो । यसमा एयर डाइनेस्टीसँगै विभिन्न कम्पनीका हेलिकप्टर पर्छन् ।

गत वर्षको मे महिनामा संखुवासभाको सिप्रुङमा सिम्रिक एयरको हेलिकप्टर दुर्घटनामा परेको थियो । त्यसबेला एक यात्रुको उद्धारको क्रममा मृत्यु भएको थियो । सोही वर्षको जुलाईमा सोलुखुम्बुमा मनाङ एयरको हेलिकप्टर दुर्घटनामा पर्दा मेक्सिकोबाट सगरमाथा हेर्न आएका एकै परिवारका पाँचजनासहित छ जनाको मृत्यु भएको थियो । २०७५ सालमा ताप्लेजुङमा एयर डाइनेस्टीकै हेलिकप्टर दुर्घटनाग्रस्त हुँदा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीसहित सातजनाको मृत्यु भएको थियो ।

## जन्मथलो फर्किने...

पुख्यौली जग्गामा खेतीपाती र पशुपालन गरेर सेवा निवृत्त जीवन बिताउने मल्लको योजना अधुरै रहेको छ । अरुणका एक जना दाजु र तीन जना दिदिबहिनी छन् । बेनीकी चन्नु मल्लसँग विवाह गरेका अरुणका दुई छोरी छन् । उनीहरूको पनि विवाह भइसकेको छ । अरुणको परिवार हाल ललितपुरमा बस्ने गरेका उनका साथी कर्णबहादुर भण्डारी (केबी) ले बताए ।

'म्याग्दीमा बिरामीलाई आकस्मिकरूपमा अस्पताल पुर्‍याउन, धौलागिरि, अन्नपूर्ण हिमालमा हुने दुर्घटना तथा विपद्को समयमा हेलिकप्टर आवश्यक पर्दा सम्झने व्यक्ति नै अरुण मल्ल हुनुहुन्थ्यो,' भण्डारीले भने, 'रघुगंगा गाउँपालिका र म्याग्दी जिल्लाले मात्र नभएर नेपालले एक जना अनुभवी, साहसी पाइलट गुमाएको महसुस भएको छ ।' करिब ३० वर्षदेखि हेलिकप्टर उडाउँदै आएका अरुणले म्याग्दीबाट वि.सं. २०५६ मा निर्वाचित सांसद रहेका स्वर्गीय नारायणसिंहको कर्णाली एयरको हेलिकप्टर उडाएका थिए ।द्वन्द्वकालमा हेलिकप्टर उडाएका मल्लले हेली उद्धारका काममा प्राथमिकता दिने गरेको भण्डारीले स्मरण गरे ।

गत वैशाख २८ गते मनाङको नासो गाउँपालिकास्थित भिस्ताङ भ्यालीमा बिरामी उद्धारका लागि अरुणले उडाएको हेलिकप्टर चढेर गएका जिल्ला प्रशासन कार्यालय मनाङका तत्कालीन नायब सुब्बा ज्ञानदीप विश्वकर्मा (कुशल) ले उनी अनुभवी र शाहसी पाइलट भएको स्मरण गरे । मृदुभाषी र आँटिला स्वभावका अरुणको निधनले जन्मथलो राखु भगवती शोकमा डुबेको छ । *रासस*

## औषधि उत्पादनमा...

मानव अंग आँखामा प्रयोग हुने सिप्रोफ्लोक्सासिन ड्रप र सामान्य जरो रुघा खोकी टाउको दुखेको समयमा प्रयो गरिने प्यारासिटामोल इन्फ्युजनमा नै यस्तो लापरबाही भेटिएपछि यस कम्पनीले उत्पादन गरेका अन्य औषधिसमेत बजारबाट फिर्ता ल्याएर पुनःपरीक्षण गर्न दबाब बढेको छ । स्रोतका अनुसार एभरेस्ट प्यारेन्टेरल्सको उक्त उत्पादन लुम्बिनी प्रादेशिक अस्पताल, सुदूरपश्चिम प्रादेशिक अस्पतालका बिरामीलाई प्रयोग गर्ने क्रममा भेटिएको हो । काठमाडौंका औषधि बजार र अस्पतालको फार्मेसीमा यो एभरेस्ट प्यारेन्टेरल्सले बिक्री गरेको उक्त ब्याचका औषधिहरू ब्याक्टेरियासहितको फंगल्स भएका औषधि फेला परेसँगै सो कम्पनीको बदमासी खुलेको हो ।

महेश राणासरिया सञ्चालक र उमंग राणासरिया प्रबन्ध निर्देशक रहेको एभरेस्ट प्यारेन्टेरल्स प्रालिले उत्पादन गर्ने गरेको अर्थोपेडिक, सर्जरी, गाइनो, युरोलोजी, क्रिटिकल केयरका लाइफ सेभिङ ड्रग्स सलाइनलगायत प्रायः सबै किसिमका औषधिहरूमा केही न केही कैफियत हुने गरेको स्रोतले दाबी गरेको छ । स्रोतका अनुसार केही समयअघि यस कम्पनीको उत्पादन सलाइन प्रयोग गर्दा बिरामीको मृत्युसमेत भएको थियो तर यो प्रकरणलाई आर्थिक लेनदेनसहित कम्पनी व्यवस्थापनले गुपचुप राखेको दाबी गरिएको छ ।

स्रोतका अनुसार कम्पनीको उत्पादन रहेको सलाइन मानव स्वास्थ्य प्रतिकूल र गुणस्तरहीन देखिएसँगै औषधि व्यवस्था विभागले नयाँ उत्पादनमा रोक लगाएको छ । त्यस्तै पछिल्लो समय प्यारासिटामोल इन्फ्युजन र सिप्रोफ्लोक्सासिन ड्रपमा ब्याक्टेरियासहितको फंगल भेटिएपछि अस्पताल, उपभोक्ता, औषधि ब्यबस्था विभागका शाखा कार्यालय विराटनगर, वीरगञ्ज र औषधिका थोक बिक्रेताको गुनासो र उजुरीपछि कारबाहीका लागि आवश्यक सिफारिससहित केन्द्रीय विभागमा पत्राचार भएको बताइएको छ ।

नेपालको सबैभन्दा ठूलो इन्जेकसन उत्पादन गर्ने औषधि उत्पादक एभरेस्ट प्यारेन्टेरल्सको उत्पादन गुणस्तरहीन भएको जिकिरसहित विभाग मातहतको शाखाबाटै पत्राचार भएपछि केन्द्रीय औषधि व्यवस्था विभागले प्यारासिटामोल इन्फ्युजन र सिप्रोफ्लोक्सासिन ड्रपमा देखिएको ब्याक्टेरियासहितको फंगलको छानबिनका लागि विभागका आठौं तहका कर्मचारी राजेश श्रेष्ठको संयोजकत्वमा समिति गठन गर्दै समितिको रिपोर्ट नआएसम्मका लागि कम्पनीको थप औषधि दर्ता गर्न रोक लगाएको छ ।

विभागले एभरेस्ट प्यारेन्टेरल्सको उत्पादनमा भेटिएको कैफियत र गुणस्तरको छानबिनका लागि समिति गठन गरे पनि बजारमा रहेको मानव स्वास्थ्य प्रतिकूलका गुणस्तरहीन औषधिका विषयमा 'रिकल' गर्दै उपभोक्तालाई सजग गराउनुपर्ने आफ्नो दायित्वबाट विभाग विमुख हुनुले विभागको काम कारबाही आफैंमा संशयको घेरामा परेको छ । यस विषयमा विभागले गठन गरेको समितिका संयोजक श्रेष्ठसँग टेलिफोन सम्पर्क गर्दा उनले एभरेस्ट प्यारेन्टेरल्सका उत्पादनको विषयमा विभागीय मेलमा प्राप्त उजुरीअनुसार वास्तविकता बुझ्न बजारबाट कैफियतपूर्ण भनिएका औषधिका स्याम्पल उठाएर करिब दुई साताअघि ल्याव परीक्षणका लागि पठाइएको बताए । परीक्षणको रिपोर्ट भने आइनसकेको उनले बताए ।

लुम्बिनी प्रादेशिक अस्पताल स्रोतका अनुसार एभरेस्टले उत्पादन गरेको एट्रोपिन इन्जेक्सन (विष सेवन गरेको बिरामीमा विषको प्रभावलाई निष्क्रिय पार्ने औषधि) १०० एम्पुल प्रयोग गर्दा पनि औषधिले काम नगरेर बिरामीको स्वास्थ्यमा सुधार नआएपछि अर्को उत्पादकको सोही औषधि प्रयोग गर्नुपरेको थियो । अर्को कम्पनीको औषधि प्रयोगपश्चात् बिरामीको स्वास्थ्यमा सुधार आएपछि एभरेस्ट कम्पनीका बजार प्रतिनिधिलाई यसबारेमा जानकारी गराइएको थियो । त्यस्तै विभागीय महानिर्देशक नारायणप्रसाद ढकालले औषधिको गुणस्तर परीक्षणका लागि स्याम्पल राष्ट्रिय चिकित्सा प्रयोगशालामा पठाएको लामो समय भइसक्दा पनि कुनै रिपोर्ट नआएका कारण यथार्थ बुझ्न गाह्रो हुनुका साथै कारबाहीको प्रक्रियासमेत अघि बढाउन नसकेको बताए ।

## कुवेतमा घरेलु...

यद्यपि कुवेत सरकारले लामो समयदेखि नेपालबाट घरेलु कामदारको माग गरिरहेको अवस्थामा भएको भिसा परिवर्तनको निर्णय सकारात्मक भए पनि कार्यान्वयन हुनेमा उनले आशंका व्यक्त गरे ।

संसद्को तत्कालीन श्रम तथा उपभोक्ता हित समितिले २०७३ चैत २० मा सुरक्षाको प्रत्याभूति नभई नेपाली कामदार (महिला)लाई घरेलु कामदारका रूपमा नपठाउन सरकारलाई निर्देशन दिएको थियो । त्यसयता सरकारले कुवेतलगायत खाडी मुलुकमा घरेलु कामदारको रूपमा जान लगाएको बन्देज अझै कायमै छ । यद्यपि, गैरकानुनी बाटो प्रयोग गरेर घरेलु कामदारको रूपमा कुवेत जाने नेपालीको संख्या ठूलै रहेको विभिन्न अध्ययनहरूले पनि देखाएको छ ।

कुवेतीहरूले अन्य मुलुकबाट जाने घरेलु कामदारभन्दा तुलनात्मक रूपमा नेपालीहरूलाई बढी रुचाउने गरेको बताइन्छ । कुवेतमा पछिल्लो समय घरेलु कामबाहेक सरसफाइका क्षेत्र, सुरक्षा गार्ड, निर्माण क्षेत्र, सुपरमार्केट, ब्युटी पार्लर, रेस्टुरेन्टलगायतका क्षेत्रमा पनि थुप्रै नेपालीहरूले काम गरिरहेका छन् । कुवेत नेपालीहरूको श्रम गन्तव्यमध्येको एक हो । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्षमा नयाँ र पुनः श्रम स्वीकृति लिएर ४० हजार ३६८ जना नेपाली रोजगारीका लागि कुवेत पुगेका छन् । जसमा महिलाको संख्या १० हजार रहेको छ ।

## शीर्ष नेता...

२९ भदौको संसद् बैठकबाट विधेयक पारित गर्ने तयारी सरकारको देखिएको छ ।

विधेयक २५ फागुन २०७९ संसद्मा दर्ता भएको थियो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप ऐनलाई संशोधन गर्न बनेको विधेयक कानुन न्याय तथा मानवअधिकार समितिमा विचाराधीन छ । समितिले बनाएको उपसमितिले विधेयकका धेरै विषय टुंग्यायो, तर चार विषयमा शीर्ष नेताहरूको सहमति खोज्यो ।

उपसमितिको गठन गत १३ असारमा भएको हो । सोही उपसमितिले शीर्ष नेतृत्व तहमा टिआरसी विधेयकका विवादित विषयमा सहमति जुटाएर प्रतिवेदन बुझाएका हुन् । कार्यदलले मानवअधिकारको गम्भीर उल्लंघन घटनालाई नियतपूर्वक वा स्वेच्छाचारीपूर्वक गरिएको हत्यालाई राख्ने सहमति जुटाएको छ ।

मानवअधिकारको गम्भीर उल्लंघनका घटनामा घटी सजाय गर्ने सहमति भए पनि आधा र कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने कि प्रतिशत तोक्ने भन्ने विवाद थियो । कार्यदलले जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटनाबाहेकमा २५ प्रतिशत सजायको मागदाबी गर्नसक्ने सहमति गरेको छ ।

कार्यदलले माओवादी र अन्य दलहरूबीच रहेका मूलतः चार असहमतिलाई सम्बोधन गरेको गृहमन्त्रीसमेत रहेका समितिका सदस्य रमेश लेखकले बताएका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा प्रतिवेदन बुझाउँदै लेखकले भने, 'यी चारवटै विषयमा छलफल गरेर हामी निष्कर्षमा पुगेका छौं । एउटा ऐतिहासिक उपलब्धि हासिल भएको छ भन्ने हामीलाई लागेको छ ।'

यसअघि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ का कयौं प्रावधानले क्षमादानलाई प्रोत्साहित गरेको र संक्रमणकालीन न्यायका अन्तर ाष्ट्रिय मूल्यमान्यतालाई आत्मसात् नगरेको भन्दै कानुन परिमार्जन गर्न लागिएको हो । यसअघि भने संसदीय समितिले गठन गरेको उपसमितिमा प्रमुख चार विषय टुंगो लाग्न सकेका थिएनन् ।

स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक गरिएको हत्या र दोहोरो भिडन्तबाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने भन्ने विषय सहमति जुटेको छ । सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने भन्ने विषय पनि सहमति जुटेको छ । मानवअधिकार उल्लंघनको घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने विषय अर्को महत्त्वपूर्ण छ । सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने भन्ने पनि बताइएको छ ।

पीडितले क्षमादान नदिएको खण्डमा थप कानुनी उपचार खोज्ने बाटो पनि कार्यदलबाट टुंगो लागेको बताइएको छ । यसअघि एमाले प्रमुख सचेतक महेश बर्तौलाले द्वन्द्वकालीन घटनाको अभियोजन गर्दा प्रचलित कानुनमा व्यवस्था भएको २५ प्रतिशतमात्रै सजाय मागदाबी गर्ने किटान गरिएको बताएका थिए ।

यदि २० वर्ष जेल सजाय हुने अपराध गरेको छ भने पाँच वर्षमात्रै सजायको मागदाबी गर्ने व्यवस्था गरिने नेताहरूको भनाइ छ । पीडितहरूले भने दलहरूबीच भएको सहमतिप्रति असन्तुष्टि व्यक्त गरेका छन् । मेलमिलापका लागि स्वतन्त्र सहमति हुन नसकेका घटनामा नेपाल सरकार वादी हुने मुद्दामा महान्यायाधिवक्ता र मानवअधिकार उल्लंघनका घटनामा सम्बन्धित पीडित वा निजको हकवालालाई जानकारी दिनुपर्ने सहमति छ ।

मेलमिलाप भएको वा क्षमादानका लागि सिफारिसमा परेको अवस्थामा पनि पीडकलाई कानुनबमोजिम कारबाहीका लागि महान्यायाधिवक्तासमक्ष सिफारिस गर्न बाधा नपर्ने कार्यदलले सहमति गरेको छ । पीडक वा पीडितले आयोगसमक्ष मेलमिलापका लागि निवेदन दिएमा आयोगले पीडितको स्वतन्त्र सहमतिमा मानवअधिकारका गम्भीर उल्लंघनबाहेकका मानवअधिकार उल्लंघनका घटनाका पीडक र पीडितबीच आपसमा मेलमिलाप गराउनसक्ने पनि सहमति भएको छ ।

आयोगले पीडितको स्वतन्त्र सहमतिमा क्षमादानका लागि सिफारिस गर्ने भनिएको छ । सशस्त्र द्वन्द्वमा जोडिएका तथा प्रभावित व्यक्तिहरू र मृत्यु भएका, घाइते तथा अपांगता भएका सुरक्षाकर्मी वा निजका परिवारबारेको विवादमा पनि कार्यदलमा सहमति भएको छ । यसअघि गत वर्ष संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस नेपाल भ्रमण आएका बेला पनि सरकारले टिआरसीका विवादित विषयमा सहमति जुटाउने प्रयास गरेको थियो । तर, एमालेको असहमतिका कारण सम्भव भएन ।


### साइप्रसमा वैदेशिक रोजगारको अवसर

शहरः Cuprus, Pophos

कम्पनी : CY Employment
पूर्व स्वीकृति मिति २०८१/०४/२२ LT. No. 308336 चलानी नं. ६०२२३१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EURO | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 25 | 400 | ५८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CY Employment
पूर्व स्वीकृति मिति २०८१/०४/२२ LT. No. 308335 चलानी नं. ६०२२३१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EURO | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 25 | 400 | ५८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Almighty International Manpower Services Pvt.ltd.**
Tokha -07, Basundhara chauki, Kathmandu Tel No. 01-5906717
श्रम ईजाजत नं. १४४०/०७४/७५ Mobile: +977 9851180720,9865298787 , 9851355619 ,9769742636 E-mail :almightynepal@gmail.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALASIL AL JANOB EST
पूर्व स्वीकृति मिति : २०८१/०४/२३ LT. No. 308511 चलानी नं. ६०२२३१८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 4 | 0 | 2200 | ७८,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOZOON AL KHAIR FACILITY MANAGEMENT
पूर्व स्वीकृति मिति: २०८१/०४/२३ LT. No.308515 चलानी नं.६०२२३१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Roof Cleaning Labor | 04 | 0 | 1600 | ५७,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.N. Recruiting Service Pvt Ltd**
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSTANT SUPPORT CONTRACTING ESTASBLISHMENT
पूर्व स्वीकृति मितिः २०८१/०४/२३ LT. No. 308476 चलानी नं. ६०२२३१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 5 | 0 | 1100 | ३९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food and Beverage Counter Worker | 12 | 0 | 1100 | ३९,३६० | | | | | | | |

कम्पनी : BAICHWAL RESTAURANT FOR FAST FOOD
पूर्व स्वीकृति मितिः २०८१/०४/२३ LT. No. 308521 चलानी नं. ६०२२३२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DOKNA EST FOR TRADING
पूर्व स्वीकृति मितिः २०८१/०४/२३ LT. No. 308520 चलानी नं. ६०२२३२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver of Pickup Truck | 3 | 0 | 1800 | ६४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASAS AL RIYADA GENERAL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०४/२३ LT. No. 308505 चलानी नं. ६०२२३१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Supervisor | 4 | 0 | 2000 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker/general Worker | 3 | 0 | 1000 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TESLA OVERSEAS PVT.LTD.** Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAJMDAR CONSTRUCTION
पूर्व स्वीकृति मितिः २०८०/०८/०५ पुन विज्ञापन स्वीकृति मितिः २०८१/०४/२३ LT. No. 295237 चलानी नं. ६०२१०६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1400 | ५१,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 2 | 0 | 1100 | ४०,५०५ | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1400 | ५१,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.** श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069,
E-mail: overseas4employment@gmail.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HATEM JARALLAH PROJECT CO.
पूर्व स्वीकृति मितिः २०८१/०४/२३ LT. No. 308537 चलानी नं. ६०२२३१९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter(Male) | 5 | 0 | 1300 | ४६,५२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.** श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MOHAMMED ABDULLAH ABDUL QADIR AL GHAMDI RESTAURANT TO PROVIDE MEALS
पूर्व स्वीकृति मिति २०८१/०४/२३ LT. No. 308547 चलानी नं. ६०२२३२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Organizer | 2 | 0 | 1000 | ३५,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.** श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF CONTRACTORS COMPANY - LLC
पुर्व स्वीकृति मिति २०८१/०४/२३ LT No.308551 चलानी नं. ६०२२३२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 50 | 0 | 800 | २९,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD** Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866
INTREPID LEARN ADAPT EVOLVE

# सम्पादक तामाङलाई ‘फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कार’

**काठमाडौं (प्रस)–** यस वर्षको ‘फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कार’ प्रभाव दैनिकका सम्पादक विष्णु तामाङलाई प्रदान गरिने भएको छ । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले आफ्नो स्थापना दिवसको अवसरमा तामाङसहित छ जनालाई सम्मान तथा पुरस्कार प्रदान गर्ने घोषणा गरेको हो ।

फोनिजले मंगलबार प्रेस विज्ञप्तिमार्फत ‘फोनिज राष्ट्रिय पत्रकारिता सम्मान-२०८१’का लागि छनोट भएका दुई जना, ‘फोनिज मातृभाषा पत्रकारिता सम्मान-२०८१’ तर्फ एक जना र ‘फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८१’ का लागि तीन जनाको नाम सार्वजनिक गरेको छ । सम्पादक तामाङलाई छापातर्फको



राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गर्ने निर्णय भएको फोनिजले जनाएको छ । यस्तै रेडियोतर्फ कास्कीको गोर्खाली रेडियोकी स्टेसन म्यानेजर खिमा गुरुङ र अनलाइनतर्फ इलामका सटेन्द्र जबेगु पनि पुरस्कारका लागि छनोट भएका छन् ।

यसैगरी राष्ट्रिय पत्रकारिता सम्मान विजयरत्न तुलाधार र नेपाल टेलिभिजनका पुष्पहरि क्याम्पा राईलाई प्रदान गरिने भएको छ । फोनिज मातृभाषा पत्रकारिता सम्मान दाङबाट प्रकाशन हुने थारु भाषाको साप्ताहिक पत्रिका ‘लौव अग्रासन’लाई प्रदान गर्ने निर्णय भएको विज्ञप्तिमा उल्लेख छ ।

फोनिज राष्ट्रिय पत्रकारिता सम्मानको राशि २५ हजार र फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कार २० रूपैयाँको रहेको छ । फोनिजले हरेक वर्ष साउन २७ गते स्थापना दिवसका दिन पुरस्कार वितरण गर्दै आएको छ । यस वर्ष स्थापनाको २५ वर्ष पूरा गरी २६ वर्ष प्रवेश गरेको अवसरमा स्थापना दिवसलाई रजत वर्षको रूपमा मनाइने फोनिजले जानकारी दिएको छ ।

# प्रधानसेनापति शर्माद्वारा आफ्नो कार्यकालको उपलब्धि सार्वजनिक

**काठमाडौं (प्रस)–** प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेनाको संगठन प्रमुखका रूपमा आफ्नो तीन वर्षे कार्यकालमा सम्पन्न भए गरेका उपलब्धि सार्वजनिक गरेका छन् । आगामी भदौ २४ गतेदेखि अवकाशमा जान लागेका प्रधानसेनापति शर्माले शुक्रबारदेखि घर बिदामा बस्न लागेको पूर्वसन्ध्यामा बुधबार सकल दर्जालाई सम्बोधन गर्दै आफ्नो कार्यकालका उपलब्धिबारे जानकारी गराएका हुन् ।

आफ्नो कार्यकालका लागि निर्धारण गरिएका लक्ष्य र प्राप्त उपलब्धिको समीक्षा गर्दै प्रधानसेनापति शर्माले सदैव इमान्दारिता, वफादारिता, निःस्वार्थ भाव र निरन्तर परिश्रमलाई मूलमन्त्रको रूपमा अंगीकार गरी कार्य जिम्मेवारी पूरा गर्न निर्देशन दिए। उनले भने, ‘व्यक्तिगत स्वार्थभन्दा संस्थागत स्वार्थलाई शिरोपर गरी राष्ट्र तथा संगठनको हितअनुरूप कार्य गर्नुहोला । भावी प्रधानसेनापतिलाई पनि मलाई जस्तै साथ र सहयोग मिल्ने विश्वास लिएको छु ।’

त्यस अवसरमा नेपाली सेनाले निर्माण जिम्मा लिएका विभिन्न पूर्वाधार आयोजनाको प्रगति अवस्थाबारे प्रधानसेनापति शर्माले जानकारी गराएका थिए । काठमाडौं-तराई मधेस द्रुतमार्गका १२ वटा प्याकेजको ठेक्का कार्य सुरू भएको, नौ वटा सुरुङमार्गमध्ये चार वटाको ‘ब्रेक थ्रु’ भइसकेका, पहिलोपल्ट अग्ला पुलको निर्माण कार्य अगाडि बढेकोलगायत विवरण उनले प्रस्तुत गरे ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको प्रक्रियागत कार्य सम्पन्न भई भवन निर्माणको चरणमा गएको उनले जानकारी दिए । नेपाली सेनाले काम गरिरहेको कर्णाली करिडोरअन्तर्गत लालिबगर-दुल्लिकुन्ना ११ किलोमिटर खण्डको निर्माण कार्य सम्पन्न भई हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट राष्ट्रिय सडक सञ्जालमा जोडिएको पनि प्रधानसेनापति शर्माले समीक्षा प्रतिवेदनमा उल्लेख छ ।

रक्षा मन्त्रालयको सुपरीवेक्षण तथा नेपाली सेनाको नेतृत्वमा दक्षिण एसियामा नै पहिलोपटक ‘पार्टनरसिप फर टेक्नोलोजी इन पिसकिपिङ’ संगोष्ठी कार्यक्रममा सहभागी भएको, बहुराष्ट्रिय शान्तिकार्यसम्बन्धी अभ्यास गरेको तथा संयुक्त राष्ट्र संघीय शान्ति मिसनका लागि अन्तर ाष्ट्रिय दिवसका अवसरमा सहभागी भएको उल्लेख गरे । शान्ति स्थापना कार्यमा नेपाली सेनाको सहभागिता र क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बाराको जितपुरमा ‘पिसकिपिङ लजिस्टिक अपरेसन सेन्टर’ को स्थापना गरिएको, छाउनीस्थित वीरेन्द्र अस्पतालमा ‘मास क्याजुअल्टी ट्रिटमेन्ट सेन्टर’ को निर्माण कार्य अगाडि बढेकोलगायत कार्यप्रगतिको जानकारी प्रधानसेनापति शर्माले प्रस्तुत गरे ।

काठमाडौं बाहिर स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यअनुरूप लुम्बिनी प्रदेशलाई लक्षित गरी बुटवलमा सैनिक अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा आएको, आत्मनिर्भर बन्दै जाने योजनाअनुरूप नेपाली सेनालाई आवश्यक जुत्ताहरू, पञ्चु तथा पाल-सायर कारखाना निर्माण भई उत्पादन सुरु भएकोलगायत प्रगति विवरण उनले प्रस्तुत गरे ।

## चोरीसिकार रोक्न निकुञ्जद्वारा नयाँ योजना कार्यान्वयनमा

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जले वर्षात्को समयमा हुनसक्ने चोरीसिकार नियन्त्रण गर्न फरक रणनीति अपनाएर सुरक्षा व्यवस्था गरेको छ । वर्षात्को समयमा खोलानाला बढ्ने, झाडी हुने हुँदा सबै ठाउँमा सवारीसाधन पुग्न कठिन हुने भएकाले फरक ढंगले ती ठाउँहरूको निगरानी हुनेगरी रणनीति बनाइएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार निकुञ्ज कार्यालय र सुरक्षार्थ खटिएको नेपाली सेना संयुक्तरूपमा बसेर संवेदनशील ठाउँहरूको पहिचान गरी ती ठाउँहरूमा कडा सुरक्षा व्यवस्था मिलाइएको छ । हरेक हप्ता समीक्षा गर्दै सुरक्षा रणनीतिलाई फरक ढंगले कार्यान्वयन गरिँदै आएको उनले बताए ।

तिवारीका अनुसार जिप तथा गाडी सबै ठाउँमा पुग्न नसक्ने भएकाले यतिबेला हात्ती गस्तीलाई प्राथमिकता दिइएको छ । निकुञ्जमा ५४ वटा हात्ती छन् । तीमध्ये बच्चा, गर्भवती र अशक्तबाहेकलाई गस्तीमा प्रयोग गरिएको छ। यसैगरी, नदी तटीय क्षेत्रमा डुंगाको प्रयोग गरिँदै आएको छभने पैदल, साइकल गस्ती पनि नियमित हुँदै आएको छ । सम्भव हुने ठाउँहरूमा जिप तथा गाडीमासमेत गस्ती भइरहेको उनले बताए ।

निकुञ्जभित्र ६७ स्थानमा पोस्ट छन् । ती पोस्टमा नेपाली सेना र निकुञ्ज कर्मचारी बसेर सुरक्षाको काम गरिरहेका छन् । निकुञ्जले लामो, मध्यम र छोटो पेट्रोलिङको काम गरिरहेको छ ।

दुई साताभन्दा बढी विभिन्न क्षेत्रमा रात बिताउने गरी गस्तीको काम भइरहेको छ । मध्यममा एक साता हाराहारी र छोटोमा एक/दुई दिनको जंगलका ठाउँठाउँमा क्याम्प बनाएर बसेर सुरक्षा दिने गरिएको छ । निकुञ्जले कुनै ठाउँमा तत्काल परिचालन हुन परेमा तयारी हालतमा हात्तीसहितको टोली राख्ने गर्दछ । यसले विपत्मासमेत काम गर्ने गरेको छ । सिमलताल बस दुर्घटनामा निकुञ्ज क्षेत्रमा हात्तीसहितको यो टोलीले खोजीसमेत गरेको थियो। सूचना अधिकारी तिवारीका अनुसार आवश्यकतानुसार ड्रोन उडाउनेसमेत गरिँदै आएको छ । यससँगै एसपिवाई क्यामरा राखेर ठाउँठाउँमा निगरानी गरिँदै आएको छ । यो क्यामरा गोप्यरूपमा संवेदनशील क्षेत्रमा राखिन्छ । यसलाई निकालेर त्यहाँको अवस्था निगरानी गर्ने गरिएको छ। *रासस*

## माइग्रेसन हराएको सूचना

मितिः २०८१/०४/१६ गते ललितपुर, ग्वार्कोबाट मंगलबजारसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **NEB** बाट जारी भएको **DAV Sushil Kedia Vishwa Bharati Sec School,** ललितपुरबाट प्राप्त माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : दिया राना मगर**
**रजिस्ट्रेसन.नं.: ७८३२५०३१०२४३**
**ठेगाना.: मङ्गल बजार, ललितपुर**
**सम्पर्क: ९८४१८५३४९१**

## तामाकोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### बागमती प्रदेश, जफे, दोलखा

## सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०४/२४**

यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ का लागि देहाय बमोजिमका जनशक्तिहरु सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समय भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | दरखास्त दस्तुर | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | अ.न.मी. | सहायकस्तर (चौथो) | ४ | ५००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको । |
| २ | २/२०८१-०८२ | अ.हे.व | सहायकस्तर (चौथो) | ३ | ५००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको । |

१ आवेदन फारम तामाकोशी गाउँपालिकाको कार्यालय वा www.tamakoshimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
२ दरखास्त दिने अन्तिम मितिः- २०८१-०५-०६ गते सम्म ।
३ आवेदन दस्तुरः- तोकिएको दरखास्त दस्तुर तामाकोशी गाउँपालिकाको लक्ष्मी सनराईज बैंक, तामाकोशी शाखा जफेमा रहेको आन्तरिक राजश्व खाता नम्बर १२७०३०००१४२ मा रकम जम्मा गरेको भौचर वा कार्यालयमा नगदै बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ ।
४ आवेदन बुझाउने स्थानः- तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जफे, दोलखा ।
५ परीक्षाको किसिमः- लिखित तथा अन्तरवार्ता ।
६ सेवाको किसिमः- सेवा करार ।
७ परीक्षा हुने मितिः- पछि प्रकाशन गरिनेछ ।
८ पारिश्रमिकः- नेपाल सरकारको प्रचलित सुरु तलव स्केल बराबरको रकम ।
९ परीक्षाको पाठ्यक्रमः- प्रदेश लोकसेवा आयोग बागमती प्रदेशले निर्धारण गरे बमोजिम ।
१० उमेरको हदः- दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरुः**

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२ आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
३ सेवा सम्बन्धी तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि,
४ पासपोर्ट साइज फोटो २ प्रति ।
सम्पर्कका लागिः मञ्जु न्यौपाने(कम्युनिटी नर्सिङ अधिकृत)- ९८४४२७२६६२

**प्रमुख प्रशासकीय अधिकृत**

## Road Division Mahendranagar

### INVITATION FOR BIDS

**Notice No.02-081/82**

First Date of Publication: 2081/04/24 (8th August 2024)

Road Division, Mahendranagar invites bids from eligible domestic bidders for the Road improvement works as listed below:

| SN | Contract Identification No | Description and Location of Works | Estimated Amounts without VAT & cont. (NRs) | Bid Doc. Fee (NRs) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDMNR/ 33701136/ 081/82-05 | Traffic Sign & Road Marking in Mahendra Highway ( Ch 901+000 to 934+000) Chisapani to Sukhad,Kailali | 20,97,173.61 | 3000 | 55,000.0 |
| 2 | RDMNR/ 337310113/ 081/82-06 | Periodic Maintenance of Mahakali Highway ( Ch 12+280 to 26+700), Kailali | - | 5,000 | 6,40,000.0 |

For further details regarding the notice of Invitation for Bids, Bidders are requested to visit PPMO Website:- www.bolpatra.gov.np/egp

**Division Chief**

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DOHA ALKHALIJ DECORE**

पूर्व स्वीकृति मिति: २०७९/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२३ | LT No :278757 | चलानी नं. ६०१९४२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 43 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.**

पूर्व स्वीकृति मिति : २०८०/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२३ | LT. No. 292508 | चलानी नं. ६०२०७६७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabricator | 10 | 0 | 1200 | ४३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 22 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 3 | Mason | 12 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 4 | Welder | 10 | 0 | 1200 | ४३,३७५ | | | | | | | |

कम्पनी : **KALPATARU PROJECTS INTERNATIONAL LIMITED**

पूर्व स्वीकृति मिति : २०८१/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२३ | LT. No. 308533 | चलानी नं. ६०२२३१९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 13 | 0 | 1000 | ६४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DAR SOUR RESTAURANT**

पूर्व स्वीकृति मिति : २०८०/०३/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२३ | LT. No. 288820 | चलानी नं.६०२०४११२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 6 | 0 | 90 | ३८४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS RECRUITER NEPAL Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## Fewa HR Solutions Pvt. Ltd.

श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **ARAB SPARKLE CONTRACTING EST.**

पूर्व स्वीकृति मिति २०८१/04/२३ | LT. No. 308579 | चलानी नं. ६०२२३२१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 1 | 0 | 1800 | ६४,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAJD SUMMIT COMPANY TO PROVIDE MEALS, ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/२३ | LT. No. :308536 | चलानी नं. ६०२२३२००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सहमति कार्यान्वयनमा इमानदार बन

झण्डै दुई दशकदेखि अल्झिएको शान्ति प्रक्रियाको मुख्य काम अब भने टुंगोमा पुग्ने आशा जागेको छ । द्वन्द्वकालीन मानवअधिकार उल्लंघनका घटनाको न्याय निरूपण गर्ने विषयमा शीर्ष दलहरूबीच सहमति जुटेसँगै शान्ति प्रक्रियाका बाँकी काम टुंगिने आशा बढाएको हो । दलहरूबीचको असहमतिका कारण संसदीय समितिमा रोकिएको बेपत्ता छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्न बनेको (टिआरसी) विधेयक अघि बढाउन दलहरू अग्रसर बनेका हुन् । विवादित विषयमा सहमति जुटाउन बनाइएको कार्यदलले बुधबार शीर्ष नेताहरूलाई प्रतिवेदन बुझाएको छ । प्रतिवेदन बुझ्दै नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रतिवेदनअनुसार टिआरसी विधेयक अघि बढाउने प्रतिबद्धता जनाए ।

प्रतिवेदन बुझेपछि प्रधानमन्त्री ओलीले संसद्को जारी अधिवेशनमै टिआरसी विधेयक पारित गर्ने बताए । यसबारे थप छलफल गर्न नपर्ने उनको भनाइ छ । उनले आयोगहरूको पूर्णता र कानुनको कार्यान्वयन पनि तीव्रताका साथ हुने दाबी गरे । प्रमुख प्रतिपक्षी दल तथा द्वन्द्वका सरोकारवालापक्ष माओवादी केन्द्रका अध्यक्ष दाहालले रपनि शान्ति र स्थिरताका लागि यो विधेयकलाई पास गर्नेतिर अघि बढ्नु जरुरी भएको बताए । कांग्रेस सभापति शेरबहादुर देउवाले पनि नेपालले अब यसलाई टुंगोमा पुऱ्याएर संसारकै लागि अनुकरणीय उदाहरण पेस गर्नुपर्नेमा जोड दिए ।

शीर्ष नेतृत्वलाई विधेयक बुझाएसँगै अब कानुन, न्याय तथा मानवअधिकार समितिको बैठक आज (बिहीबार) बस्ने तय भएको छ । २९ भदौको संसद् बैठकबाट विधेयक पारित गर्ने तयारी सरकारको देखिएको छ । विधेयक २५ फागुन २०७९ संसद्मा दर्ता भएको थियो । नेताहरूको प्रतिबद्धता साँच्चै व्यवहारमा देखियो भने अब केही समयमै शान्ति प्रक्रिया टुंग्याउने मार्गप्रशस्त हुने देखिन्छ ।

तर, नेताहरूको बोली र प्रतिबद्धतामा अझै विश्वस्त हुने ठाउँ छैन । यसलाई पुनः अल्झाउने चलखेलमा लागे शान्तिप्रक्रिया संकटमा पर्ने निश्चित छ । विशेषगरी द्वन्द्वमा राज्य र विद्रोही दुवैपक्षबाट पीडित बनेकाहरूले छिटो न्याय निरूपणको प्रतीक्षा गरिरहेका छन् । यो विषय राष्ट्रिय मात्रै नभएर अन्तर्राष्ट्रिय चासोको विषय बन्दै आएको छ । त्यसैले अब टिआरसी विधेयकलाई जतिसक्दो चाँडो अगाडि बढाएर पास गर्न अग्रसर हुनुपर्छ । कुनै बहानाबाजी र अड्को थापेर अल्झाउने काम कुनै पनि दलले गर्नु हुन्न । यद्यपि, आफ्नो प्रतिबद्धता र सहमति कार्यान्वयनमा दल र शीर्ष नेताहरू इमानदार बनेमात्र यो सम्भव हुने छ ।

# सेयरबजारको उत्साह कायम रहला ?



■ रिसव गौतम

पछिल्लो समय सरकारले बढेको ब्याजदरलाई घटाउन निरन्तर प्रयास गरेको देखिन्छ । त्यसमा बैंकको चर्को ब्याजदरविरूद्ध व्यसायीहरूले गरेको आन्दोलनले ठूलो दबाब परेको हो । बैंकहरूको ब्याजदर घट्दा त्यसको प्रत्यक्ष प्रभाव सेयरबजारमा पर्छ । तरलता सहजताको अवस्था हुँदा र बैंकको ब्याजदर घट्दा विगतदेखि नै सेयरबजार बढ्ने गरेको देखिन्छ । त्यसकारण आगामी दिनहरूमा बजार झनै बढ्दै जाने आधार तय भएको छ । खासगरी बजेटलगत्तै आएको मौद्रिक नीतिले पनि सेयरबजारलाई उत्साह दिएको छ ।

सेयरबजारमा केही वर्ष अघिसम्म ८० प्रतिशतभन्दा बढी हिस्सा बैंक-वित्तीय संस्था र इन्स्योरेन्स कम्पनीहरूले ओगटेका थिए । बैंक, इन्स्योरेन्सजस्तो मुद्राको मात्रै कारोबार गर्ने सेवामूलक क्षेत्रको सेयरबजारमा अहिले हिस्सा घटेर ६३.८ प्रतिशतमा झरेको नेपाल स्टक एक्चेञ्ज (नेप्से)को तथ्यांक छ । खासगरी सेयरबजारमा जलविद्युत् कम्पनीहरूको उपस्थिति बढिरहँदा बैंकहरूको हिस्सा घटेको देखिन्छ ।

पछिल्ला वर्षहरूमा जलविद्युत्सहित अरू उत्पादनमूलक कम्पनीहरूले पनि सर्वसाधारणलाई सेयर जारी गरेर पैसा संकलन गरिरहेका छन् । त्यसकारण पनि पुँजीबजारमा बैंक-बिमा क्षेत्रको प्रभुत्व घटिरहेको छ । बैंक-बिमा क्षेत्रमा केही वर्षयतादेखि चलेको मर्जर तथा प्राप्तिको अभियानले पनि संख्या घटाउन काम गरेको छ । खासगरी सेयरको दोस्रो बजारमा कुनै एउटा समूहको मात्रै प्रभुत्व रहँदा जोखिम हुने बुझाइ छ । त्यसमा वास्तविक क्षेत्र भनेर बुझिने जलविद्युत् जस्तो उत्पादनमूलक क्षेत्रको प्रवेश बढिरहनु शुभसंकेत नै हो । किनकि नेपालको अर्थतन्त्रमा सबैभन्दा सम्भावनाको क्षेत्र भनेको पर्यटन र ऊर्जा क्षेत्र नै हो । हामीले यस क्षेत्रको विकास विस्तारबाट अपार लाभ लिनसक्ने सम्भावना छन् ।

पछिल्ला समय नेप्सेमा पर्यटन, सिमेन्ट, कृषिलगायत क्षेत्रको पनि प्रवेश बढिरहेको छ । यद्यपि हाल नेप्सेमा १२ वटा समूहगत परिसूचक मापन गर्ने गरिएको छ । वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, बिमा कम्पनी, म्युचुअल फन्ड, होटल, उत्पादन तथा प्रशोधन, व्यापार, जलविद्युत् र अन्य समूहका परिसूचकहरूलाई नेप्सेले गणना गर्छ ।

यसरी सेयरबजारमा क्रमशः क्षेत्रगत विविधता बढिरहेको देखिन्छ । यसले सेयरबजारमा लगानीको आकर्षण र उपस्थितिसमेत बढाएको छ । विगतमा विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारी, रुस-युक्रेनबीच चलेको युद्धको विश्वव्यापी प्रभाव र विश्वव्यापीरूपमा आर्थिक क्षेत्रमा देखिएको मन्दी तथा असन्तुलनले नेपालको सेयरबजारमा पनि ठूलो असर परेको हो । आर्थिक असन्तुलन, सरकारको पुँजीगत खर्चको दयनीय अवस्था, तरलता संकटको कारण बढेको ब्याजदर र सेयरबजारप्रति नेपाल राष्ट्र बैंकको कसिलो नीतिका कारण विगतमा बजार घटेको हो । एक हजार ८०० अंकबाट पनि तल झरिसकेको नेप्से परिसूचकांक अहिले भने हालै आएको आव २०८१/८२ को मौद्रिक नीतिले बजार दुई हजार ८०० अंकको छेउछाउ आइसकेको छ । अब क्रमशः सेयरबजार उकालो लाग्ने धेरै आधार तय भएका छन् ।

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सार्वजनिक गरेको नीति कार्यक्रममा पनि सेयरबजारको संरचनागत सुधार गर्ने, कसिलो नीतिहरूमा पुनःविचार गर्दै गैरआवासीय नेपालीलाई पनि सेयरबजारमा प्रवेश गराउने र पुँजीबजारको भरपर्दो विकास गर्ने नीति लिएको छ । त्यसले लगानीकर्तामा एक खालको उत्साह थपेको देखिन्छ । वर्तमान सरकार गठनसँगै आएको मौद्रिक नीतिले संस्थागत लगानीकर्ताहरूका लागि २० करोडको क्याप हटाएको छ । सेयर धितो कर्जाका लागि प्रोत्साहन गरेको अवस्था छ । यसले गर्दा बजार बढिरहेको देखिन्छ ।

केही हप्तायता बजार निरन्तर बढिरहँदा सेयरबजार पुँजीकरण पनि बढेको छ । २०८१ साउन २१ गते सोमबारको कारोबारको आँकडाअनुसार सेयरबजार पुँजीकरण ४४ खर्ब ३८ अर्ब रूपैयाँ नाघेको छ । जुन कूल गाहर्स्थ उत्पादनको आकारभन्दा १४ खर्ब रूपैयाँमात्र कम हो । कुनै बेला अर्थात् तीन हजार ३०० अंकमा मार्केट पुगेको बखत ४० खर्ब रूपैयाँको पुँजीकरण भएको सेयरबजार अहिले नेप्सेमा थपिएका कम्पनीहरूका कारण ४४ खर्ब रूपैयाँ पुगेको छ । खासगरी सेयरबजार जिडिपीकै हाराहारी हुनुपर्ने विश्वव्यापी मान्यता रहे पनि नेपालमा सबै उद्योग, व्यवसाय नेप्सेमा सूचीकृत नभएको कारण त्यो नभएको देखिन्छ तर पनि पछिल्ला समय नेप्सेमा सूचीकृत हुने कम्पनीहरू बढिरहेका देखिन्छन् ।

नेपालको सेयरबजारको दायरा फराकिलो र पुँजीको पैमान पनि बढिरहेको छ । यसले नै वास्तवमा सेयरबजारको सुदूर भविष्य उज्ज्वल रहेको देखाउँछ । खासगरी पछिल्लो दशक नेपालमा पनि सेयरबजारप्रति आमसर्वसाधारणको बुझाइ परिवर्तन भएको छ । यस क्षेत्रलाई सबैले सकारात्मक दृष्टिले हेर्न थालेका छन् । वास्तवमा कुनै पनि देशको अर्थतन्त्रको अवस्थाको चित्र सेयरबजारले नै दर्साउँछ । त्यसकारण पनि सेयरबजारलाई देशको अर्थतन्त्रको ऐना भनिएको हो । ठूलठूला उद्योग तथा व्यवसाय स्थापना तथा सञ्चालन गर्न पुँजीको संकलन गर्ने महत्त्वपूर्ण माध्यम हो पुँजीबजार । त्यसकारण अर्थतन्त्रलाई विस्तारित गर्न र अघि बढाउन पुँजीबजारको महत्त्वपूर्ण भूमिका हुने गर्छ । सो तथ्य आमराजनीतिक नेतृत्व, कर्मचारीतन्त्रले बुझ्न जरुरी छ ।

अहिले नेपालमा सेयर किनबेचका लागि डिम्याट खाता खोल्नेहरूको संख्या २०८० चैतसम्ममा ६२ लाख नाघिसकेका छन् । त्यसमा महिलाको संख्या नै २६ लाख नजिक पुगेको तथ्यांक छ । यद्यपि आर्थिक मन्दी, तरलता संकटलगायत कारण सेयरबजार सुस्ताउँदा अहिले सेयरबजारका सक्रिय लगानीकर्ता २०-२२ लाख रहेका छन् । जेहोस् पछिल्लो वर्षहरूमा नेपालमा सेयरबजारप्रति बढेको आकर्षण उत्साहप्रद हो । यसले सम्भावना भएका उद्योग, व्यवसायले आइपिओ मोडलमा आवश्यक लगानी जुटाउनसक्ने आधार दिएको छ ।

पछिल्लो समय सरकारले बढेको ब्याजदरलाई घटाउन निरन्तर प्रयास गरेको देखिन्छ । त्यसमा बैंकको चर्को ब्याजदरविरुद्ध व्यसायीहरूले गरेको आन्दोलनले ठूलो दबाब परेको हो । बैंकहरूको ब्याजदर घट्दा त्यसको प्रत्यक्ष प्रभाव सेयरबजारमा पर्छ । तरलता सहजताको अवस्था हुँदा र बैंकको ब्याजदर घट्दा विगतदेखि नै सेयरबजार बढ्ने गरेको देखिन्छ । त्यसकारण आगामी दिनहरूमा बजार झनै बढ्दै जाने आधार तय भएको छ । खासगरी बजेटलगत्तै आएको मौद्रिक नीतिले पनि सेयरबजारलाई उत्साह दिएको छ । सेयरबजारलाई कता डोऱ्याउने भन्ने कुरामा मौद्रिक नीतिको धेरै भूमिका हुने गर्छ । यद्यपि मौद्रिक नीति सरकारको बजेट तथा नीति कार्यक्रमलाई सघाउन ल्याउने गरिन्छ ।

विगतका वर्षहरूमा मौद्रिक नीतिमा सेयरबजार र घरजग्गाप्रति कसिलो बनाइएकामा यसपटक धेरै नै खुला गर्ने गरी प्रोत्साहनकारी रूपमा मौद्रिक नीति आयो । मौद्रिक नीति बैंक तथा वित्तीय संस्थाहरूका लागि पनि केही खुकुलो गरी आयो । फलस्वरूप सेयरबजारमा हरियाली छाएको देखिन्छ । गत वर्षहरूमा राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत सेयर धितो कर्जामा १२ करोडसम्मको क्याप लगाएको हो । ४-१२ को नीतिले पनि सेयरबजारको गतिशीलतालाई कमजोर बनाएको हो । अहिले ती व्यवस्था हटाइएको छ । फलस्वरूप सेयर कारोबारको 'भोलुम' र नेस्से परिसूचक निरन्तर बढिरहेका छन् । विगतमा तीन हजार ३०० अंकको नेप्से परिसूचकांक पुगिरहँदा बजारमा एकै दिन २१ अर्ब ६४ करोड ७६ लाख रूपैयाँसम्मको कारोबार भएको हो । अहिले त्यो रेकर्डसमेत 'ब्रेक' भएर नेप्सेमा झन्डै २२ अर्ब (२१ अर्ब ९१ करोड रूपैयाँसम्म) करोबार भएको छ । यसरी बजारमा एउटा खालको आत्मविश्वास देखिएको छ । यसले समग्रमा आशा जगाएको छ ।

वित्तीय बजारमा तरलता सहजताको अवस्था सिर्जना भएको छ । मुलुकको आर्थिक अवस्था तथ्यांकीय हिसावले सबल बन्दै गएको अवस्था छ । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नै अर्थतन्त्र तथ्यांकीयरूपमा सबल बन्दै गएकाले बजारमा त्यसको सकारात्मक प्रभाव क्रमशः पर्दै जाने बताएका छन् । ब्याजदर घटिरहेको छ । त्यसकारण सेयरबजार उकालो लागिरहने देखिन्छ । सेयरबजार एउटा लगानीको उत्तम माध्यम हो भन्ने आमसर्वसाधारणले बुझिसकेका छन् । कतिपय नेताहरूले विगतमा सेयरबजार जुवाको खाल हो, अनुत्पादक क्षेत्र हो भने पनि अहिले उनीहरूले समेत आफ्ना बुझाइ सच्च्याएका छन् । त्योभन्दा बढी सर्वसाधारणले नै सेयरबजारमा उत्साहप्रद सहभागिता देखाएर पुँजीबजारप्रति सकारात्मक दृष्टिकोण रहेको दर्शाइरहेका छन् ।

सरकारले पनि सेयरबजारप्रति अत्यन्त प्रोत्साहनकारी नीति देखाउन जरुरी छ । सेयरबजारले आमसर्वसाधारणलाई अर्थशास्त्रको बचतको सिद्धान्त सिकाउँछ । अलिअलि भएको पैसाले आइपिओ भर्ने, सेयर किन्ने गर्दा मान्छेले पैसाको महत्त्व र त्यसको पुँजीकरणको भेउ थाहा पाउँछन् । अहिले सेयरबजारमा धेरै मान्छेहरू आकर्षित भएका, लागेकाले धेरैलाई यस क्षेत्रले रोजगारी र अवसर पनि दिएको छ । खासगरी नेपाली समाजमा विगतमा गृहिणीको उपमा दिएका महिलाहरूको संख्या नै सेयरबजारमा ४२ प्रतिशत पुग्नुले आर्थिक क्षेत्रमा महिलाहरू कति सशक्तरूपमा आइरहेका छन् भन्ने पनि दर्शाउँछ । अर्को सेयरबजारबाट सरकारले १५ अर्ब रूपैयाँसम्म कर विगतमा पाएको हो । त्यसकारण सरकारले पुँजीबजारको विकास, उन्नयनमा जोड दिनुपर्छ । पुँजीबजारको विकासमा ध्यान दिन नसके सरकारको आर्थिक समृद्धिको नारा गफमा सीमित हुन्छ । *रासस*

*(लेखक आर्थिक लेखक तथा विश्लेषक हुन्)*

*मात्रै कुनै अर्थ राख्दैन ।*

## पत्र-मञ्जुषा

# प्रधानमन्त्रीज्यू, भ्रष्टाचारको छानबिन आफ्नैबाट सुरू गरौं

मुलुकको हरेक क्षेत्रमा राजनीति हाबी छ । सरकारी जागिर खान होस्, सरुवा-बढुवा हुन होस् या अन्य केही, राजनीतिक पार्टीको सदस्यता लिनैपर्छ । पार्टीलाई चन्दा बुझाउनैपर्छ । पार्टीको झोले बन्दिनँ भन्नेहरूका लागि पनि बाध्यतै छ । किनकि राजनीतिक पार्टीको झोलेहरू माथि जान्छन्, अरु हेरेको हेऱ्यै ।

राजनीतिक दलको जसले चाप्लुसी गर्न सक्छ, उसैमाथि यहाँ कृपा बर्सिन्छ । योग्यता भए पनि राजनीतिक दलको सदस्यता लिएको छैन भने त्यो मान्छे जहाँको त्यही अड्किन्छ । पछिल्लो समय शिक्षकदेखि लिएर निजामती कर्मचारी र सुरक्षाकर्मीसमेतले राजनीतिक पार्टीको सदस्यता लिएका छन् ।

उनीहरूले आफूले आस्था राख्ने र आफूलाई फाइदा हुने पार्टीनिकट संगठन खोलेका छन् । जबकि सरकारी कर्मचारीले राजनीतिक पार्टीको सदस्यता लिन पाउँदैनन् । त्यो कानुनविपरीत हो । तर, कसले टेर्ने ? तिनलाई राजनीतिक दलकै संरक्षण छ । जनताले तिरेको करबाट तलबभत्ता खान्छन्, लुगा लाउँछन् अनि कामचाहिँ राजनीतिक दलको गर्छन् ।

सरकारी कर्मचारीले जनतालाई सेवासुविधा दिने भनेर जागिर खान्छन् । त्यसैले त लोकसेवा भनिएको हो । विडम्बना, भन्ने बेला जनताको सेवक तर हुन् आफ्नै सेवक । घूस नखाईकन काम नै गर्दैनन् । प्रधानमन्त्री केपी शर्मा ओली आफू पनि घूस नखाने र घूस खानेलाई नछोड्ने दाबा गर्छन् ।

भ्रष्टाचार गरेको पाइएमा चित्रगुप्त सामुन्ने गएर बयान दिने उनको भनाइ छ । ओलीकी श्रीमती बैंककी पूर्वकर्मचारी हुन् । ओलीको व्यापार व्यवसाय केही देखिन्न । उनी राजनीतिक हुन् । तर, सम्पत्ति त अकुत जोडेका छन् । कहाँबाट ल्याए ? यसको स्पष्टीकरण दिए हुने हो । बालकोटमा महलजस्तो घर छ ।

झापा र तेह्रथुममा पनि घरजग्गा छ । उनले स्वदेशीमात्र नभई विदेशी बैंकमासमेत पैसा राखेको बताइन्छ । उनीसँग गरगहना कति होला ? जनताले ओली र उनकी श्रीमतीलाई सोध्छन्, 'तपाईंको तलब कति थियो ? घर खर्च कति थियो ? अनि यो सम्पत्ति कहाँबाट आयो ?' यो सरासर भ्रष्टाचार होइन ?

राजनीति गर्दागर्दै आफ्नो पुर्ख्यौली सम्पत्ति सकाएर सडकमा आएका धेरै राजनीतिज्ञ छन् । ओली त एउटा गरिब परिवारमा जन्मिएका व्यक्ति । उनको त पुर्ख्यौली सम्पत्ति पनि थिएन । उनले यत्रो सम्पत्ति कहाँबाट ल्याए ? घामजस्तै छर्लंग भइहाल्यो ।

ओली गृहमन्त्री र परराष्ट्रमन्त्री भए । उनी बारम्बार प्रधानमन्त्री भए । तर, देशका लागि के गरे ? उनी पदमा हुँदा देशले के-के उपलब्धि हात पाऱ्यो ? विवरण देखाउन सक्नुपर्थ्यो । अनिमात्र जनताले तिरेको कर खर्च गर्न सुहाउँथ्यो । ओलीको पालामै विदेशी ऋण बढ्यो । सात खर्बबाट २१ खर्ब रूपैयाँ विदेशी ऋण पुऱ्याउने उनी नै हुन् ।

यसपटक पनि उनी विदेशी ऋण लिएर सरकार चलाउने दाउमा छन् । प्रधानमन्त्री हुनेबित्तिकै अर्बौं रूपैयाँ ऋण स्वीकृति गरिसके । ओलीले वास्तवमै भ्रष्टाचारको छानबिन गर्ने हो भने आफैंबाट गर्दा हुन्छ । पहिले त आफ्नो सम्पत्तिको स्रोत खुलाइदिनुपऱ्यो । 'दूधको दूध, पानीको पानी' बनाइदिनुपऱ्यो ।

जसले भ्रष्टाचार गरेको छ, उसले अर्को भ्रष्टाचारीलाई कारबाही गर्छ ? जनताले पत्याउने कुरा गर्नुपऱ्यो क्या ! जहिले जनताको आँखामा छारो हालेर देश कहिले बन्छ ? जसले गलत गर्छ, ऊ कारबाहीको भागिदार बन्नैपर्छ । सरकारी सेवामा एउटा पिउनमा जागिर खानेको काठमाडौंमा महलजस्तो घर छ ।

त्यो सरासर भ्रष्टाचार होइन ? मासिक १० हजार रूपैयाँ तलब खानेले कोठाभाडा तिरेर, घर खर्च चलाएर, छोराछोरी पढाएर, जग्गा किनेर घर बनाउनसक्छ ? यो कसैले पत्याउला ? एउटा सानो पसल थाप्नेले पनि महल ठड्याएका छन् । त्यो पनि भ्रष्टाचार नै हो । राज्यलाई राजस्व नतिर्ने, व्यक्तिगत सम्पत्ति जोड्ने ।

सबै भ्रष्टाचार हुँदा त देश नबनेको हो । अब भन्नेमात्र होइन, भ्रष्टाचार छानबिन गरौं पनि । ज-जसले सम्पत्तिको स्रोत खुलाउन सक्दैनन्, तिनको सम्पत्ति राष्ट्रियकरण गरौं, तिनलाई जेल कोचौं । जो सच्चा नेपाली हो, ऊ खाडीमा पसिना बगाइरहेको छ । यहाँ बस्ने भनेको भ्रष्टाचारी, राजस्व छली गर्नेहरू, घूसखोरी, सरकारी कर्मचारी, व्यापारीमात्र हुन् ।

नेपालमा जनता छैनन् । अहिले यहाँ भएकालाई जनता भन्न मिल्दैन । राज्यलाई दोहन गर्नेहरू मात्र यहाँ बसेका छन् । देशको अवस्था नाजुक बन्दै गएको छ । अर्थतन्त्र डामाडोल अवस्थामा पुगेको छ । विदेशी ऋण झण्डै २६ खर्ब रूपैयाँ पुगिसकेको छ । अहिले एक जना नेपालीको टाउकोमा ८६ हजार रूपैयाँ विदेशी ऋण पुगेको छ ।

महँगीले ढाड सेकिएको छ । जनता टुलुटुलु रमिता हेरिरहेका छन् । हाम्रो देशको सञ्चारमाध्यम पनि पार्टीगत बने । जनताको ऐना बन्नुपर्ने ठाउँमा सञ्चारकर्मीहरू पार्टीको कार्यकर्ता बने । बंगलादेशको पछिल्लो घटनाबाट पाठ सिक्नुपर्छ । जनता पनि सचेत बन्नु आजको आवश्यकता हो ।

**– अनुसा थापा, भक्तपुर**

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## मनन्योग्य

### चाणक्य नीति

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'ध

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

# पानीको निकास थुनिँदा कलुवापुर बजार जलमग्न

**कञ्चनपुर–** वर्षात्को पानीको निकास थुनिँदा शुक्लाफाँटा नगरपालिका-११ स्थित कलुवापुर बजार जलमग्न हुँदै आएको छ । पूर्वपश्चिम राजमार्गसँगै जोडिएको बजारको पानीको निकास स्थानीय बासिन्दाले थुनेर पक्की घर निर्माण गरेका छन् ।

दुई वर्षदेखि थोरै वर्षामा पनि बजार जलमग्न हुन थालेको छ । पानीको निकासका लागि राखिएको ह्युमपाइप थुनेर घर निर्माण गरिएपछि बजार क्षेत्र जलमग्न हुँदै आएको स्थानीय बासिन्दा गणेशबहादुर ऐरले बताए । 'पानीको निकासका लागि सम्बन्धित निकायमा पटकपटक अनुरोध गर्दै आएका छौं,' उनले भने, 'अनुगमन गर्ने कार्यबाहेक पानी निकासको उपाय निकाल्नेबारे कुनै निकायले काम अगाडि नबढाउँदा समस्यामा परेका छौं ।'

सडक अतिक्रमण गरी बनाएका घरलगायत पक्की संरचना हटाएर पानीको निकास खोल्नका लागि एकले अर्कालाई दोष थोपर्ने कार्यले सास्ती भोग्दै आएको उनको भनाइ छ । वर्षौं पहिलेदेखि वर्षाको पानी बग्दै आएको निकास थुन्नेलाई कारबाही गरिनुपर्ने स्थानीय बजारवासीको माग छ ।

केही सीमित व्यक्तिहरूको अवरोधका कारण यात्रु, विद्यार्थी, सर्वसाधारणले निकै सास्ती खेप्दै आएका स्थानीय समाजसेवी नवराज पन्तले बताए । 'मानव सिर्जित समस्या भएकाले स्थानीय तहले यसको तत्काल निराकरण गर्नुपर्छ,' उनले भने, 'दोषीमाथि कारबाही नहुँदा क्षणिक रूपमा समाधान गर्न खोजिन्छ, त्यसैले समस्या बल्झिँदै आएको छ ।'

पानीको निकास नहुँदा नै सार्वजनिक शौचालय प्रयोगविहीन बनेको छ । शौचालयको पानी बगेर डुबान भएको क्षेत्रमा पुग्दा पानीजन्य संक्रामक रोग फैलिने सम्भावना पनि उत्तिकै रहेको छ । बजार क्षेत्रको सडक मात्र नभएर वर्षात्को पानी स्थानीय व्यवसायीका पसलभित्र पस्न थालेको छ । थोरै पानीमा पनि बजार क्षेत्र जलमग्न हुने गरेको छ । तत्काल पानीको निकास नखोलिए स्थानीय बासिन्दाले पालिकाविरुद्ध संघर्षका कार्यक्रम अगाडि बढाउने बताएका छन् ।

'बजार क्षेत्र डुबानको समस्या समाधान गर्न सम्बन्धित व्यक्तिहरूलाई नगरपालिका कार्यालयमा बोलाएर पानीको निकास खोल्नका लागि भनेका छौं,' नगर उपप्रमुख कल्पना पन्तले भने, 'निकास नखोले अटेरी गरी सडक क्षेत्र अतिक्रमण गरी बनाएको संरचना हटाउने वा कानुनी प्रक्रियामा जाने भन्नेबारे आवश्यक छलफल भइरहेको छ, निकास निकाल्न प्रयासरत छौं ।' आवतजावतलाई सहज बनाउन सडक गहिरो भएको क्षेत्रमा ग्राभेल राख्ने कार्य भइरहेको उनको भनाइ छ । *रासस*

# पहिरोले कर्णाली राजमार्ग अवरूद्ध

**जुम्ला (प्रस)–** पहिरोले कर्णाली राजमार्ग अवरुद्ध भएको छ । अविरल वर्षासँगै आएको पहिरोले कालीकोटको शुभकालिका गाउँपालिका-१ स्थित गगनेखोला, एसमोड र कालेखोलामा क्षति पुऱ्याएपछि राजमार्ग अवरुद्ध भएको हो । शुभकालिका-१ स्थित गगनेखोला, एसमोड, कालेखोलालगायत विभिन्न स्थानमा सानाठूला पहिरो जाँदा राजमार्ग अवरुद्ध भएको सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारी वीरबहादुर जिटीले जानकारी दिए ।

बुधबार बिहानदेखि राजमार्ग अवरुद्ध भएपछि जुम्ला र मुगुबाट सुर्खेत, नेपालगञ्ज काठमाडौं जाने सवारीसाधन बीच बाटोमै रोकिँदा सयौं यात्रु अलपत्रमा परेका थिए । गगनेखोलामा ठूलो ढुंगासहितको लेदो माटोको पहिरो आउँदा सडक अवरुद्ध भएको छ ।

'सबैभन्दा ठूलो ढुंगासहितको पहिरो गगनेखोलामा आएको छ । चार-पाँच किलोमिटरको दूरीमा अन्य स्थानमा पनि पहिरो गएको जानकारीमा अएको छ । खोलाको ढुंगालाई पन्छाउने र सम्भव नभए 'ब्रेकर' लगाएर फुटाल्ने तयारी छ,' उनले भने । गगनेखोलाबाहेक अन्य स्थानमा गाह्रो नभएको र पहिरो पन्छाउने कार्य सकिएपछि सडक सञ्चालनमा आउने सडक डिभिजन कार्यालयले जनाएको छ । अवरुद्ध सडक सञ्चालनमा ल्याउन सडक डिभिजनको मेसिनसहित जनशक्ति बिहानदेखि पहिरो पन्छाउने काममा लागिरहेका छन् ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

सूचना प्रकाशित मिति २०८१/०४/२४

यस कम्पनीको मिति २०८१/०३/१४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (रिभाईटलाईजड के. एस. बि. सप्लायर्स प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **(रिभाईटलाईजड मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा.लि.)** को कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०६१/०३/२८ को **रिभाईटलाईजड मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा. लि.** कायम गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०४/२४

त्यस कम्पनीको मिति २०८१/०३/२० को विशेष साधारणसभाको निर्णयानुसार तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरी कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गरी **गोल्ड सन फूड्स प्रा.लि.** कायम गरेको र सोही निर्णयानुसार कम्पनीको रजिष्टर्ड कार्यालय तपसिल बमोजिमको स्थानमा परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरेकोलाई सम्बन्धित निकायको स्वीकृत लिनु पर्ने भए लिई कार्यान्वयन गर्ने शर्तमा स्वीकृति प्रदान गरि संशोधित प्रबन्धपत्र / नियमावलीको १/१ प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा मिति २०८१/०४/१० को निर्णयानुसार जानकारी गराइन्छ ।


**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

**PRO (Public Relation Officer) - 3 Male/Female**

SALARY Negotiable

Requirements:

Minimum 3 Years of Experience in Manpower Field of Saudi Arabia .

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV at gaurav@workforce.com.np*

श्रम इजाजत पत्र नं. १७२/०५६/५७

**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 9802010315
Mobile: 9802010315. Website: www.workforce.com.np


## सूचना ! सूचना !! सूचना !!!

यस मानसरोवर मेडिहेल्थ प्रा लि बाट सप्लाई गरिने औषधी तथा औषधी जन्य सामानहरूको आ ब २०८१/८२ को लागि निम्नानुसारको बजार दररेट तथा बिक्रि मुल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधी तथा औषधी जन्य सामानहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा निम्नानुसारको दररेटमा खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

**mail id: mansarovarpvt@gmail.com Ph :9851335876**

| S.N | Name of goods | unit | Rate |
|---|---|---|---|
| 1 | Lignocaine vial 30ml | vial 30ml | 55.00 |
| 2 | Lignocaine with adrenaline 1:10000 | inj | 55.00 |
| 3 | Paracetamol inj 2ml amp | inj 2ml amp | 27.00 |
| 4 | paracetamol 500mg | tab | 1.00 |
| 5 | paracetamol syrup 60ml | syrup 60ml | 30.00 |
| 6 | Aspirin 75mg | tab | 2.00 |
| 7 | Ibuprofen 400mg | tab | 2.00 |
| 8 | Ibuprofen 200mg | tab | 1.50 |
| 9 | Ibuprofen 100mg/5ml | syp | 32.00 |
| 10 | Diclofenac inj 25mg/ml | inj | 12.00 |
| 11 | Diclofenac 50mg | tab | 4.00 |
| 12 | pheniramine 22.75mg/ml, 2ml inj | amp | 12.00 |
| 13 | cetrizine HCL 10mg | tab | 4.00 |
| 14 | Cetrizine HCL susp 5mg/ml, 30ml | susp | 45.00 |
| 15 | Metronidazole infusion 500mg/100ml inj | infusion | 35.00 |
| 16 | Metronidazole 400mg | tab | 4.00 |
| 17 | Metronidazole 200mg | tab | 2.00 |
| 18 | Albendazole 400mg | tab | 10.00 |
| 19 | metronidazole suspension 200mg/5ml, 60ml | suspension | 55.00 |
| 20 | Tinidazole 500mg | tab | 5.00 |
| 21 | Amoxycilline 125DT | tab | 0.50 |
| 22 | Amoxycilline 250DT | tab | 5.00 |
| 23 | Amoxycillin 125mg/5ml syrup | syp | 70.00 |
| 24 | Amoxycillin capsule 500mg | cap | 8.00 |
| 25 | Gentamycine sulphate inj 40mg/ml in 2ml | inj | 21.00 |
| 26 | Ampicilline powder for Iv/IM inj 250mg vial | inj | 25.00 |
| 27 | Ampicillin powder for IV/IM injection 500mg vial | inj | 30.00 |
| 28 | Benzathine benzyl penicillin powder for inj 1200000 IU | inj | 35.00 |
| 29 | Ciprofloxacine 250mg | tab | 5.00 |
| 30 | ciprofloxacine 500mg | tab | 8.00 |
| 31 | ciprofloxacine infusion 200mg/100ml | infusion | 45.00 |
| 32 | ciprofloxacilline e/e drop 0.3% 5ml | e/e drop | 30.00 |
| 33 | Eye ointment ciprofloxacine eye ointment 0.3% 5gm | eye ointment | 27.00 |
| 34 | Tetracyclin eye ointment 1% 5gm | eye ointment | 45.00 |
| 35 | Ceftriaxone inj 1gm/vial | inj | 89.00 |
| 36 | Ceftriaxone inj 500mg/vial | inj | 65.00 |
| 37 | Sulphamethoxazole+ Trimethoprim 480mg tab | tab | 4.00 |
| 38 | Sulphamethoxazole+ Trimethoprim 960mg tab | tab | 5.00 |
| 39 | Doxycycline 100mg capsule | cap | 6.00 |
| 40 | Azithromycine 250mg | tab | 17.00 |
| 41 | cloxacillin caps 250mg | caps | 8.00 |
| 42 | cloxacillin 500mg | caps | 12.00 |
| 43 | Cloxacilline syrup 125mg/5ml | syp | 120.00 |
| 44 | Fluconazole 150mg | cap | 24.00 |
| 45 | Ferrous sulphate + Folic Acid 60mg iron+400mcg folic acid | tab | 2.50 |
| 46 | Compound solution of sodium lactate (RL) 500ml | infusion | 50.00 |
| 47 | Sodium chlorides (NS) 500ml | infusion | 53.00 |
| 48 | Dextrose solution (DNS) 5% w/v 500ml | infusion | 53.00 |
| 49 | Dextrose (Glucose) 25% of 50ml solution | inj | 52.00 |
| 50 | Hydrochlorothiazide 12.5mg | tab | 3.00 |
| 51 | Calamine lotion 30ml 15% w/v | lotion | 45.00 |
| 52 | Povidine iodine liq 5% w/v | liq | 360.00 |
| 53 | Alumunium hdroxide +Mag.trisilicate 250mg+250mg | tab | 2.50 |
| 54 | Ranitidine inj 2ml 25mg/ml | inj | 7.00 |
| 55 | Ranitidine 150mg | tab | 3.00 |
| 56 | Atropine (As sulphate 0.6mg/ml) | inj | 12.00 |
| 57 | Hyoscine butylbromide inj 20mg/ml | inj | 33.00 |
| 58 | Hyoscine butlbromide 10mg | tab | 18.00 |
| 59 | Oral rehydration solutions ors WHO formula -sachet/ltr | powder | 10.00 |
| 60 | Clove oil 5ml | liq | 35.00 |
| 61 | Metoclorpropamide 10mg | tab | 3.00 |
| 62 | Metoclorpropamide inj 2ml /5mg/ml | inj | 21.00 |
| 63 | Metoclorpropamide solution 5mg/5ml | solution | 30.00 |
| 64 | Promethazine hydrochloride 25mg | tab | 5.00 |
| 65 | Charcol activated 10gm/sachet | powder | 70.00 |
| 66 | Benzoic acid + salicylic acid 30gm 6%+3% w/w | 30 gm tube | 65.00 |
| 67 | Frusemide 40mg | tab | 1.00 |
| 68 | Frusemide inj 2ml/10mg/ml | inj 2ml amp | 12.00 |
| 69 | Dexamethasone inj 4mg/ml,2ml | inj | 21.00 |
| 70 | Salbutamol 4mg | tab | 2.00 |
| 71 | Prednisolone 10mg | tab | 4.00 |
| 72 | Pralidoxim sodium inj 500mg | inj | 200.00 |
| 73 | Hydrocortisone powder for inj 100mg /vial | powder for inj | 100.00 |
| 74 | Adrenaline inj 1mg in 1ml | inj | 21.00 |
| 75 | Silver sulphadizine cream 25g 1% w/w tube | cream | 90.00 |
| 76 | clotrimazole skin cream 15gm 1% w/v, 15ml | cream | 100.00 |
| 77 | clotrimazole mouth paint 1% w/v, 15ml | mount paint | 125.00 |
| 78 | clotrimazole presSARY 100MG | pressary | 12.00 |
| 79 | Gention violet 1% sol 10ml | 1% sol | 21.00 |
| 80 | Allopurinol 100mg | tab | 4.00 |
| 81 | Allopurinol 300mg | tab | 5.00 |
| 82 | Oxymethazoline nasal drop 0.05%/10ml | nasal drop | 90.00 |
| 83 | Oxymethaszoline Nasal 0.025%/10ml | nasal drop | 80.00 |
| 84 | Levothyroxine 25mcg | tab | 2.00 |
| 85 | Levothyroxine 50mcg | tab | 2.00 |
| 86 | Folic Acid 5mg | tab | 3.00 |
| 87 | Pyridoxine 10mg | tab | 150.00 |
| 88 | Oxytocin 10IU, 1ml | inj | 2.00 |
| 89 | Magnesium sulphate inj 500mg/ml in 2ml ampoule | inj | 35.00 |
| 90 | Permethrin lotion 1%/100ml | lotion | 120.00 |
| 91 | Permethrin cream 5% w/v 30gm | cream | 120.00 |
| 92 | Amlodipine 5mg | tab | 5.00 |
| 93 | Nifedipine 10mg | tab | 6.00 |
| 94 | Losartan 25mg | tab | 4.00 |
| 95 | Losartan 50mg | tab | 5.00 |
| 96 | Methyldopa 250mg | tab | 69.00 |
| 97 | Digoxin 0.25mg | tab | 3.00 |
| 98 | Metformin 500mg | tab | 2.00 |
| 99 | Phenobarbitial 30mg | tab | 3.00 |
| 100 | Phenobarbitial inj 100mg/ml | inj | 35.00 |
| 101 | Albendazole 400mg | tab | 10.00 |
| 102 | Albendazole susdpension 200mg/5ml | suspension | 18.00 |
| 103 | Carbamazepine 100mg | tab | 3.00 |
| 104 | Carbamazepine 200mg | tab | 4.00 |
| 105 | Valporic acid 200mg | tab | 11.00 |
| 106 | Amitryptilline 25mg | tab | 5.00 |
| 107 | Amitryptilline 10mg | tab | 2.00 |
| 108 | chlorpromazine 100mg | tab | 2.00 |
| 109 | Diazepam 5mg | tab | 3.00 |
| 110 | Diazepam inj 5mg/ml, 2ml | inj | 33.00 |
| 111 | Enalapril 2.5mg | tab | 2.00 |
| 112 | Enalapril 5mg | tab | 4.00 |
| 113 | Nitrofurantion 100mg | tab | 8.00 |
| 114 | Atorvastatin 10mg | tab | 10.00 |
| 115 | Glimperide 1mg | tab | 5.00 |
| 116 | Glimperide 2mg | tab | 8.00 |
| 117 | Risperidone 1mg | tab | 5.00 |
| 118 | Risperidone 2mg | tab | 6.00 |
| 119 | Fluoxetine 20mg | tab | 3.00 |
| 120 | Thiamine 100mg | tab | 5.00 |
| 121 | Mefipristone +Misoprostol combi pack includes 200mg+4(200)mcg | tab | 650.00 |
| 122 | Misoprostol 200mcg | tab | 5.00 |
| 123 | Chlorhexidine (CHD) solutrion 0.2% oral solution | solution | 80.00 |
| 124 | Neomycin skin ointment 15gm ointment | tube | 90.00 |
| 125 | Vitamin b complex vit B1 10mg, B2 10mg, B6 3mg, cyanocobalamin 15mcg (TherPEUTIC DOSE) | cap | 4.00 |
| 126 | Alprazolam 0.25mg | tab | 1.70 |
| 127 | Zinc sulphate 20mg | tab | 4.00 |
| 128 | Zinc sulphate 10mg | tab | 3.00 |
| 129 | Doxycycilline 100mg | cap | 6.00 |
| 130 | cefixime 200mg | tab | 20.00 |
| 131 | Ipratropium Reapulses Nebuliser solution 1mg /2ml | respules | 12.00 |
| 132 | Salbutamol solution for nebulization 1mg/ml of 15ml | soluion for nebulization | 23.00 |
| 133 | IV infusion set pcs set | set | 45.00 |
| 134 | Iv Cannula diff size 20 NO, 22 No | pcs | 45.00 |
| 135 | Absorbent cotton 400grm roll | roll | 420.00 |
| 136 | Bandage 35 TPI 90*180 | than | 420.00 |
| 137 | Gauze 40 TPI 90*180 | than | 420.00 |
| 138 | Surgical gloves 7 no | pair | 45.00 |
| 139 | Examination gloves large size 7 no | pcs | 21.00 |
| 140 | phenol 500ml | bottle | 120.00 |
| 141 | Harrpic 1 ltr | bottle | 120.00 |
| 142 | Utility gloves rubber | pair | 120.00 |
| 143 | Disposable syringe 3ml | pcs | 5.00 |
| 144 | Disposable syringe 5ml | pcs | 5.00 |
| 145 | Disposable syringe 10ml | pcs | 12.00 |
| 146 | Insulin syringe 1ml | pcs | 12.00 |
| 147 | Non Absorable suture set mersilk 2-0 | pcs | 220.00 |
| 148 | Chromic catgut 2-0 absorbable 12pcs per box | pkt | 220.00 |
| 149 | Adhesive tape roll 90*18 metre | roll | 290.00 |
| 150 | Surgical blade 11 no | pcvs | 12.00 |
| 151 | NG tube (Ryles tube) between 12F to 18 F (normal adult size) | pcs | 120.00 |
| 152 | Rectified spirite 450ml | bottle | 240.00 |
| 153 | Handiplast | pc | 2.00 |
| 154 | Weighting Machine (Up to 25 kg-child) (Hanging with colour code) to weigh infants* (salter scale) | pcs | 3,000.00 |
| 155 | Implant Insertion Set | Set | 7,000.00 |
| 156 | Implant Removal Set | Set | 8,000.00 |
| 157 | Delivery Set | Set | 4,500.00 |
| 158 | Themometer Digital | Pcs | 300.00 |
| 159 | Ketorolac Inj | 1ml | 32.00 |
| 160 | Tramadol Inj | 2ml | 32.00 |
| 161 | Pantoprazole Inj | 40mg | 100.00 |
| 162 | Inj Ceftrixone 250gm | 250mg | 55.00 |
| 163 | Sodium Chlorides (NS) | Bottle | 53.00 |
| 164 | Inj Tranexiimic Acid | Vial | 100.00 |
| 165 | Tetanu Toxoid (TT) | Injection | 32.00 |
| 166 | Vitamin K1 | Injection | 45.00 |
| 167 | Calcium Gluconate | Injection | 45.00 |
| 168 | Inj Pcm/100ml/1gm | Bottle | 390.00 |
| 169 | Enema Solution | Bottle | 70.00 |
| 170 | Easy Fix | Pcs | 25.00 |
| 171 | Ondansetran | Ampule | 32.00 |
| 172 | Uro Bag | Pcs | 120.00 |
| 173 | Foley's Catheter | Pcs | 120.00 |
| 174 | Dressing Set | Set | 4,500.00 |
| 175 | Virex Powder | Pkt | 55.00 |
| 176 | Bp Set original With Aneroid Sphygmomanometer & Stethoscope | Pcs | 3,490.00 |
| 177 | Digital Weighting Machine (For Adult) | Set | 4,500.00 |
| 178 | Pan Scale (Upto 10kg ) for Newborn | Set | 5,500.00 |
| 179 | ENT Set | Pcs | 9,000.00 |
| 180 | Rubber Sheet | Metter | 300.00 |
| 181 | Surgical Mask | Pcs | 5.00 |

प्रभाव दैनिक




### रचनाको स्वरमा 'यो युग बदल्न'लाई सार्वजनिक

गायिका रचना रिमालको स्वरमा नयाँ गीत 'यो युग बदल्न'लाई सार्वजनिक भएको छ । गीतमा प्रकाश अधिकारीको शब्द धिरज नाथको संगीत रहेको छ । उक्त गीत बजारमा आएको हो । गीतले देशको समग्रं विकासको खाकालाई प्रस्तुत गर्न खोजेको छ। राजनीतिक अस्थिरताले निराशा छाएको अवस्थामा गीतले नयाँ आशाको सम्भावना देखाएको छ । भिडिओ युट्युब च्यानलमा सार्वजनिक छ ।



बिहीबार, २४ साउन २०८१ (Thursday, August 08, 2024)

# 'नमेटिने घाउ' को दोस्रो पोस्टरमा पूर्वप्रधानमन्त्री नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्य घटनामा आधारित चलचित्र 'नमेटिने घाउ' को दोस्रो पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरमा पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल लगायत चलचित्रका मुख्य कलाकारहरू अटाएका छन् । भदौ ७ गते बाट प्रदर्शनमा आउन लागेको चलचित्र 'नमेटिने घाउ'को यस अघिको सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली सहितको पोस्टर सार्वजनिक गरिएको थियो ।

अभिनेता रमित ढुङ्गानाको निर्देशन तथा निर्माण रहेको चलचित्र 'नमेटिने घाउ' एसिड सर्भाइभरहरूको वास्तविक जीवनीमा आधारित छ। चलचित्रमा एसिड आक्रमणमा परेका ३३ जना पीडितहरूको कथालाई समेटेर बनाइएको छ। चलचित्रमा शिवम् अधिकारीको कथा रहेको छ। लेखक अधिकारीले पटकथा साढे दुई वर्ष लगाएर लेखेका हुन् ।

चलचित्रमा मुस्कान खातुन, प्राप्ति पौडेल ,इभा गिरी, कमल देवकोटा, सन्दीपबाबु लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाईं, अपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्र सिंह कुसुहा, लालना चिमोरिया, स्वस्तीमा कार्की, लिजा कोरानी, एलिसा गुरुङ, विशाल देवकोटा, आरजु अधिकारी ,आरजु लेखक लगायतको अभिनय रहेको छ। चलचित्रमा सुरवीर पण्डित, सुनिल कटुवाल पुराना अनुहार रहने छ भने मुख्य भूमिकामा अधिकांश नयाँ अनुहारहरूको अभिनय रहेको छ।

चलचित्र 'नमेटिने घाउ' मा प्रधानमन्त्री ओलीका अलावा पूर्व प्रधानमन्त्री माधव नेपालको समेत अभिनय रहेको छ । चलचित्रमा प्रधानमन्त्री ओलीले प्रधानमन्त्रीकै भूमिका निर्वाह गरेका छन् । चलचित्रमा प्रहरी उपरीक्षकद्वय बाल नर्सिंह राणा र कुमुद ढुंगेल, प्रहरी निरीक्षक जेआर शर्मा लगायत दुई सय भन्दा बढी प्रहरीको अभिनय रहेको छ। 'सांसदद्वय देवेन्द्र पौडेल र ज्ञानेन्द्र शाहीको समेत चलचित्रमा अभिनय रहेको छ । रमित ढुङ्गाना फिल्म प्रोडक्शनको ब्यानरमा निर्माण गरिएको यस चलचित्रमा नीरज कँडेलको छायाङ्कन,बनिश शाहको सम्पादन ,ओम सुनारको सङ्गीत र किरण ढकालको एक्सन रहेको छ ।

# 'मिस्टर नेपाल २०२४' मा ३८ प्रतियोगी

■ प्रभाव संवाददाता

**काठमाडौं–** रियलमी 'मिष्टर नेपाल २०२४'का ३८ प्रतियोगी अहिले प्रशिक्षणमा जुटेका छन् । देशभर आयोजित अडिसनमा हजारौ सहभागीबाट ३८ प्रतियोगी छानिएका हुन् ।

छानिएका प्रतियोगीमा विशेष खड्गी, पियुष श्रेष्ठ नवराज प्रसाई, आयुष दुलाल, श्रीजल शाक्य, सत्यम पाठ, सक्कर बाजीमाया (काठमाडौं), अग्रज श्रेष्ठ (सुनसरी), सत्यनारायण चौधरी ( नेपालगञ्ज), राहुल रावल (कैलाली), मणि निरौला (झापा), आयुष बमजोम, उमंग आचार्य ( हेटौंडा), योगेश श्रेष्ठ (भक्तपुर), एमडी. अदनान हलवाई, विश्व बराइली (नेपालगञ्ज), दिपेश चौधरी (धनगढी), पिन्टु सान्याल ( विराटनगर), अशोक बिक (पोखरा), मनोज गुरुङ (लमजुङ), संयन्तराज घिमिरे (ललितपुर), सागर घिमिरे ( विराटनगर), सञ्जय मण्डल (जनकपुर), सरोज तामाङ मोक्तान (रसुवा), सुशान्त कुमार दास (राजविराज सप्तरी), प्रकाश चौहान (पथरी मोरङ) सिजल कपाली (ललितपुर), सन्तोष लोकसुम (झापा), आदेश प्रधान (धरान), सोहज खान ( विराटनगर), सुशान्त पौडेल (पोखरा), राजेश झा (जनकपुर), विपन श्रेष्ठ (चितवन), स्वस्तिक देवकोटा (दाङ), समीर तिमिल्सिना (पोखरा), आबिस्कर खड्का ( बुटवल) सुभम बर्नवाल, अनिकेत प्रजापति (नेपालगञ्ज) रहेका छन् ।

प्रशिक्षका क्रममा प्रतियोगीले स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका दर्जन बढी विषयको प्रशिक्षणबाट आफुलाई निखार्ने आयोजक नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए । देशभर छरिएर रहेका युवाहरूलाई सहभागीताको अवसर प्रदान गर्दै उत्कृष्ट प्रतिभा चयन गर्न प्रतियोगीता आयोजना हुँदै आएको धमलाको धारणा रहेको छ ।



प्रतियोगिताको शीर्ष विजेताले 'मिस्टर वर्ल्ड २०२४' वा 'मिष्टर ग्लोवल २०२४' मा नेपालको प्रतिनिधित्वको अलवा नगद र पुरस्कारमा बिभिन्न गिफ्ट समेत जित्न सक्ने नेक्स्ट मोडल्स नेपालकी प्रवन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन् ।

युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले यो प्रतियोगिता २००१ देखि नियमित आयोजना हुँदै आएको हो ।



# भारतसँग फेरि चुक्यो नेपाल

## ३-२ ले पराजित हुँदा बन्यो उपविजेता, इरान तेस्रो



### काभा वुमन्स नेसन्स भलिबल

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल काभा वुमन्स नेसन्स भलिबल लिगको उपाधिका लागि भारतसँग चुकेको छ। एशियाली जायन्ट भारतसँगको फाइनल खेलमा घरेलु समर्थकको साथ पाएको नेपाली टोलीले ३-२ को पराजय व्यहोर्दै उपविजेतामा चित्त बुझायो ।

लिग चरणमा भारतले व्यहोरेको ३-२ को हारलाई उल्टाउँदै २-३ को सेटमा जित निकाल्दै बदला उपाधि हात पारेको हो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा बुधबार भएको फाइनल खेल नेपालमा पहिलो सेट २५-२३ ले आफ्नो पक्षमा पारेको थियो । निकै प्रतिस्पर्धात्मक बनेको उक्त सेटको सुरुआतमै नेपाल ३-० ले पछि परेको थियो । तर, भारतले लगातार चार अंक जोड्दै पुनरागमन गऱ्यो। यद्यपि, अन्त्यतिर २०-२३ ले पछि परेको अवस्थामा नेपालले लगातार पाँच अंक जोड्दै सेट आफ्नो पक्षमा पारेको थियो ।

दोस्रो सेटमा भने नेपालले फितलो प्रदर्शन गऱ्यो । नेपालले एक समय ५-१० को स्थितिमा थियो । तर, नेपालले थप ६ अंक जोड्दा भारतले भने १४ अंक हासिल गऱ्यो। यद्यपि, भारतलाई २४ अंकमा रोक्दै नेपालले लगातार चार अंक जोडेको थियो । तर, १० अंकमा पछि परिसकेको अवस्थामा नेपालले पुनरागमन गर्न सकेन र दोस्रो सेट १४-२५ ले गुमायो ।

तेस्रो सेटमा चुनौतीको सामना गरे पनि नेपालले सुरुआतदेखि नै अग्रता लिएको थियो । उक्त सेट नेपालले २५-२२ ले आफ्नो पक्षमा पाऱ्यो । चौथो सेटमा केही चुनौती पेस गरे पनि नेपालले २१-२५ ले नतिजा सुम्पियो । पाँचौं तथा अन्तिम सेटमा भने नेपालको प्रदर्शन निकै कमजोर रह्यो। र, ५-१५ ले भारत जित हासिल गर्न सफल बन्यो ।

नेपाली महिला भलिबल टीमका प्रमुख प्रशिक्षक जगदीश भट्टले रिसिभ र सर्भिस सोचेअनुसार हुन नसक्दा भारतसँग हार व्यहोरेको बताएका छन् ।

त्यस्तै कप्तान अरुणा शाहीले जित्नै पर्ने दबाब सहन नसक्दा पराजय भोगेको बताइन् । त्यसअघि बुधबार नै सम्पन्न तेस्रो स्थानको खेलमा इरानले श्रीलंकालाई ३-० को सोझो सेटमा पराजित गरेको थियो । प्रतियोगितामा सहभागि अर्को टिम माल्दिभ्स सेमिफाइनल पुग्नबाट बञ्चित रहेको थियो ।

फाइनल खेल हेर्नका लागि खेलकुदमन्त्री तेजुलाल चौधरी, काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह, उपप्रमुख सुनिता डंगोलका साथै विभिन्न उच्च अधिकारीहरू कभर्डहल पुगेका थिए ।

काठमाडौं मेयर बालेनले खेलमा पराजय भोगेको नेपाली टिमका खेलाडीहरूलाई सान्त्वा दिनका लागि ड्रेसिङ रूप पुगेका थिए ।

### प्रधानमन्त्री ओलीले दिए सान्त्वना

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले भारतसँग पराजित भएको नेपाली टोलीलाई सान्त्वता दिएका छन् । प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत् सान्त्वना दिँदै लेखेका छन्, 'मन्त्रीपरिषद्को आकस्मिक बैठकका कारण आज भएको काभा वुमन्स नेसन्स लिग भलिबलको प्रतियोगिताको फाइनल हेर्न जान पाइनँ। तेस्रो चरणदेखि मात्र खेलको लाइभ हेरें । नेपाली टोलीको उत्कृष्ट प्रदर्शन हुँदाहुँदै पनि हामीले जित्न सकेनौं । तीन नम्बर जर्सी लगाएकी सरस्वती चौधरीको प्रदर्शन उत्कृष्ट लाग्यो । एकपटकको हार सधैंको हार होइन, हामी जित्नेछौं। धन्यवाद नेपाली टिम ।'



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : YAHYA AHMED RAQWANI COMPANY LTD.FOR TRAD.&CONT.**

पूर्व स्वीकृति मिति २०८०/०९/०४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२३ LT. No. 296793 चलानी नं. ६०२११८६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४२,४५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Driver Heavy Equipment | 14 | 0 | 1800 | ६३,६७५ | | | | | | | |
| 3 | Electrical Cable Connecter | 1 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 4 | Electrical Machanic | 1 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 5 | Light Equipment Mechanic | 6 | 0 | 1400 | ४९,५२५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४२,४५० | | | | | | | |
| 7 | Store Keeper | 1 | 0 | 1500 | ५३,०६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९७१/०६७/०६८

Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763

Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np





## सुनकोशी गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

रामटार, सिन्धुली

(सूचना प्रकाशित मिति : २०८१।०४।२४)

## बोलपत्र संसोधनको सूचना

यस सुनकोशी गाउँकार्यपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण (आ.ई.ई) स्वीकृत भएअनुसार आन्तरिक कर संकलनको लागि उल्लेखित स्थानहरुबाट ढुंगा, बालुवा र गिट्टी उत्खनन् , सकंलन र जिल्ला भित्र तथा बाहिर निकासी गरी कर उठाउने प्रयोजनको लागि मिति २०८१।०४।०७ मा प्रकाशित शिलबन्दी बढाबढ बोलपत्रको ठेक्का अंक तपशिल बमोजिमले संसोधन गरिएको छ।

कामको विवरण

| सि.नं | ठेक्का न. | कामको विवरण | ठेक्का अंक (मु.अ.कर सहित) रु. | बोलपत्रदस्तुर रू. | ठेकाको म्याद |
|---|---|---|---|---|---|
| 1 | SUNRM/REVENUE/01/081/082 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Sunkoshi River at Sunkoshi Rural Municipality ward no 1, 2 and 3 (Package I) | २.०३,९१,७४८.२४ | ५०००/- | सम्झौता मितिबाट २०८२/०३/३१ |
| 2 | SUNRM/REVENUE/02/081/082 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Sunkoshi River at Sunkoshi Rural Municipality ward no 5,6 and 7 (Package II) | १,८६,२८,५६०.२० | ३०००/- | सम्झौता मितिबाट २०८२/०३/३१ |
| 3 | SUNRM/REVENUE/03/081/082 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of GhyampeRiver at Sunkoshi Rural Municipality 01 | १,१४,३८,९३२.६० | ३०००/- | सम्झौता मितिबाट २०८२/०३/३१ |

- थप जानकारीको लागि यस सुनकोशी गाउँपालिकाको कार्यालय, रामटार सिन्धुलीमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**



मनसुनी वर्षापछि बुधवार गंगा नदीमा आएको बाढीपछि भारतको प्रयागराजमा परेको डुबानमा परेको सडकमा यात्रा गर्दै मानिसहरू । *तस्विर: एएफपी*

# बंगलादेशको अन्तरिम सरकारको नेतृत्व गर्ने जिम्मेवारी युनुसलाई

**ढाका–** बंगलादेशका राष्ट्रपतिले बुधबार नोबेल पुरस्कार विजेता मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्नेगरी जिम्मेवारी तोकिएको घोषणा गरेका छन् । बंगलादेशी निम्न वर्गको उत्थानका लागि काम गरेका ८४ वर्षीय युनुसलाई अन्तरिम सरकारको नेतृत्व दिन विद्यार्थी नेताहरूले गरेको आह्वानपछि उनलाई अन्तरिम सरकारको जिम्मेवारी सुम्पिएको हो ।

राष्ट्रपति मोहम्मद शाहाबुद्दिन, सेना, नौसेना र वायुसेनाका प्रमुखहरू र विद्यार्थी नेतासँगको बैठकपछि यो निर्णय गरिएको हो । 'बैठकमा प्रोफेसर डा. मुहम्मद युनुसलाई प्रमुख बनाएर अन्तरिम सरकार गठन गर्ने निर्णय भएको छ,' साहाबुद्दिनको कार्यालयले एक विज्ञप्ति जारी गरी जानकारी गराएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रपतिले जनतालाई राजनीतिक संकटबाट बाहिर निस्कन सहयोग गर्न आग्रह गरेका छन् । देशमा आएको यो संकटलाई पार गर्न अन्तरिम सरकारको द्रुत गठन आवश्यक छ ।'

बैठकमा सहभागी 'स्टुडेन्ट एगेन्स्ट डिस्क्रिमिनेसन' समूहका विद्यार्थी नेता हैदर इस्लामका अनुसार युनुसले सरकारमा प्रमुख सल्लाहकारको जिम्मेवारी पाउने छन् । इस्लामले पत्रकारलाई बताएअनुसार शाहाबुद्दिनले 'सकेसम्म कम समयमा' अन्तरिम सरकार गठन गर्ने कुरामा सहमति जनाएका छन् । इस्लामले राष्ट्रपतिसँगको उक्त बैठक 'फलदायी' भएको बताए । हाल युरोपमा रहेका युनुसले मंगलबार आफू अन्तरिम सरकारको नेतृत्व गर्न इच्छुक रहेको बताएका थिए ।

'यदि बंगलादेशमा मेरो देश र साहसी जनताका लागि जिम्मेवारी आवश्यक छ भने म यो लिने छु,' विद्यार्थी नेताहरूले अन्तरिम सरकारको नेतृत्व गर्न आह्वान गरेपछि उनले भनेका छन् । उनले एक विज्ञप्तिमार्फत 'स्वतन्त्र निर्वाचन' को पनि आह्वान गरेका छन् ।



## आज स्वदेश फर्किने

बंगलादेशका नोबेल शान्ति पुरस्कार विजेता युनुस आज (बिहीबार) स्वदेश फर्किने भएका छन् । बंगलादेशमा माइक्रोफाइनान्सका संस्थापक युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्ने प्रस्तावपछि उनी आज ढाका फर्कने कार्यक्रम रहेको उनको कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । हाल युरोपमा रहेका ८४ वर्षीय युनुस आज दिउँसो २:१० बजे राजधानी ढाका आइपुग्ने उनको कार्यालयले जानकारी गराएको हो ।

## हिंसा रोक्न पूर्वप्रधानमन्त्री जियाको आग्रह

पूर्वप्रधानमन्त्री खालिदा जियाले भेदभाव विरोधी विद्यार्थी आन्दोलनले निम्त्याएको राष्ट्रव्यापी हिंसा, तोडफोड र राज्य स्रोतको लुटपाटबारे चिन्ता व्यक्त गरेका बंगलादेशको सञ्चारमाध्यम ढाका ट्रिब्युनले बताएको छ । ढाकाको 'एभरकेयर' अस्पतालमा रहेका जियासँग बंगलादेश खिलाफत मजलिस पार्टीका महासचिव मौलाना मामुनुलको टोलीले भेटवार्ता गरेका ढाका ट्रिब्युनले जनाएको छ । ढाका ट्रिब्युनले जियालाई उद्धृत गर्दै भनेको छ, 'हाम्रो राज्यको स्रोत र साधन खेर गइरहेको छ । यो देश हाम्रो हो, हामीले यो देशको निर्माण गर्नुपर्छ ।'

अगस्ट ६ मा बंगलादेशका राष्ट्रपति शाहाबुद्दिन अहमदले बंगलादेशकी पूर्वप्रधानमन्त्री जियालाई संविधानको धारा ४९ अनुसार जेल सजाय कम गरेर रिहा गर्ने घोषणा गरेका थिए । ढाका ट्रिब्युनका अनुसार भेटवार्तामा उनले जनताको जीवन र सम्पत्तिमा क्षति पुऱ्याउनु गम्भीर अपराध भएको बताए । उनले राज्यको स्रोतको लुटपाटमा धेरै मानिसहरू संलग्न रहेको र यो कार्य अन्यायपूर्ण रहेको बताए ।

'बेगम खालिदा जिया उत्पीडित महिला हुनुहुन्छ । हामी लामो समयसम्म जेलमा बस्यौं । मौलाना मामुनुल हक पनि लामो समयसम्म जेलमा रहनुभयो । मौलाना मामुनुल हकको नेतृत्वमा हामी उनको स्वास्थ्यबारे सोधपुछ गर्न अस्पताल गयौं,' खिलाफत मजलिसका उपमहासचिव मौलाना अताउल्ला अमिनले जियासँगको भेटबारे बताए । बैठकबारे सोधिएको प्रश्नमा खिलाफत मजलिसका संयुक्त महासचिव मौलाना अताउल्ला अमिनले भने, 'देशको अवस्था राम्रो छैन । बेगम खालिदा जिया मानव जीवन र सम्पत्तिको क्षतिबारे चिन्तित हुनुहुन्छ । राज्यका स्रोतहरू लुटिनु सही काम होइन ।'

अगस्ट ५ मा बंगलादेशका राष्ट्रपति मोहम्मद शाहाबुद्दिनले खालिदा जियालाई रिहा गर्ने आदेश जारी गरेका थिए । बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएर देश छोडेको केही घण्टापछि उनले यो निर्णयको घोषणा गरेका हुन् ।

बंगलादेशका पूर्वप्रधानमन्त्री जियाको स्वास्थ्य अवस्था खराब छ । बाथ रोग, मधुमेह र 'लिभर सिरोसिस'को बिरामी उनी ह्विलचेयर प्रयोग गर्छन् । ७८ वर्षीया जियालाई हसिनाको शासनकालमा सन् २०१८ मा भ्रष्टाचारको आरोपमा १७ वर्षको कारागार सजाय सुनाइएको थियो ।

यसलाई उनको पार्टीले राजनीतिकरूपमा प्रेरित भन्दै खण्डन गर्दै आएको छ । राजनीतिमा भाग नलिने र उपचारका लागि विदेश नजाने सर्तमा उनलाई घरमै नरबन्दमा राखिएको थियो । जियाविरूद्ध भ्रष्टाचारको आरोप उनलाई राजनीतिमा प्रवेश गर्नबाट रोक्नका लागि बनाइएको मुद्दा भएको बिएनपीले दाबी गरेको छ । तर हसिना प्रशासनले यो आरोप अस्वीकार गर्दैको थियो । *एएनआई/एएफपी*

## नेतृ हसिना र रेहानालाई पक्राउ गरी सुपुर्दगी गर्न भारतसँग आग्रह



**ढाका–** बंगलादेशको वर्तमान राजनीतिक अवस्थालाई सम्बोधन गर्न बंगलादेश सर्वोच्च अदालत बार एसोसिएसन (एससिबिए)का अध्यक्ष एएम महबूब उद्दीन खोकनले विद्यार्थी आन्दोलनको बलमा अपदस्थ प्रधानमन्त्री शेख हसिना र उनकी बहिनी शेख रेहानालाई पक्राउ गरी बंगलादेशलाई सुपुर्दगी गर्न भारतसँग आग्रह गरेका छन् ।

एससिबिए सभामा आयोजित पत्रकार सम्मेलनमा खोकनले भारतसँग सकारात्मक सम्बन्ध कायम राख्न चाहेको बताउँदै निर्दोष जनतामाथि दमन गरी सयौंको मृत्युका लागि उनीहरू जिम्मेवार रहेको र उनीहरूलाई बंगलादेश फिर्ता गरिनुपर्नेमा जोड दिए ।

बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)का संयुक्त महासचिवसमेत रहेका खोकनले बंगलादेशमा संकटकाल घोषणाको विरोध गर्दै राजनीतिक गतिविधि र भ्रष्टाचारमा संलग्न सर्वोच्च अदालतका न्यायाधीशलाई एक हप्ताभित्र राजीनामा दिन आग्रह गरेका छन् भने आस्थाका आधारमा बन्दी बनाइएका सबै राजनीतिक बन्दीहरूको रिहाइको माग गरेका छन् ।

बंगलादेशमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै विद्यार्थीहरूको नेतृत्वमा सुरु भएको विरोध प्रदर्शन निवर्तमान सरकारको अतिवादी रवैयाका कारण अन्ततः सरकारविरोधी प्रदर्शनको रूपमा परिवर्तन भएपछि अवामी लिगकी नेतृ तथा हालै प्रधानमन्त्रीबाट अपदस्थ शेख हसिना वाजेद हेलिकप्टरमा चढी भारततर्फ जान बाध्य बनेकी थिइन् । *रासस/एएनआई*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MADINAT ADEN PLASTER ,TILES & PAINTS CONT.

पूर्व स्वीकृति मिति: २०८१/04/२३ LT. No. 308514 चलानी नं. ६०२२३१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter/ Construction Carpenter | 7 | 0 | 1200 | ४३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Assistant/laobur | 4 | 0 | 1000 | ३६,५७० | | | | | | | |
| 3 | Mason | 12 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 4 | Painter | 16 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 5 | Painter | 5 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 6 | Tile Layer | 12 | 0 | 1200 | ४३,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMBER FOAM LAUNDRY

पूर्व स्वीकृति मिति २०८१/04/२२ LT No : 308507 चलानी नं ६०२२३१७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ironing Man | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७
CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUSSAIN BIN ALI ATHIFA CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/04/२३ LT. No. 308607 चलानी नं. ६०२२३२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 40 | 0 | 1000 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MUSTAFA ALI AL-HAIFA CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/04/२३ LT. No. 308606 चलानी नं. ६०२२३२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 60 | 0 | 1000 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९
MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PAINT TECH CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०९/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२३ LT. No. 297719 चलानी नं. ६०२१२८५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | १३१,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1500 | ५४,६७५ | | | | | | | |
| 3 | General Clean Worker | 1 | 0 | 1200 | ४३,७४० | | | | | | | |
| 4 | Labour | 2 | 0 | 1000 | ३६,४५० | | | | | | | |
| 5 | Marketing | 0 | 1 | 2500 | ९१,१३० | | | | | | | |
| 6 | Painter | 2 | 0 | 1200 | ४३,७४० | | | | | | | |
| 7 | Store Keeper | 1 | 0 | 1900 | ६९,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH KHALED AL HINDI TRANSPORT CORPORATION

पुर्व स्वीकृति मिति २०८१/04/07 पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२३ LT. No. 307805 चलानी नं. ६०२२२५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३१ गते (15th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर


पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४६३०० | प्रति तोला – १४६२०० | प्रति तोला – १७१० |



**हरियाली जाजरकोट** | वर्षातसँगै हरियाली देखिएको जाजरकोट सदरमुकाम खलंगा तथा आसपासको क्षेत्र ।

*तस्बिर : हेमन्त केसी/रासस*

# यातायात कार्यालयको राजस्व घट्यो

■ प्रभाव संवाददाता

**म्याग्दी–** गण्डकी प्रदेशमा रहेका यातायात कार्यालयमा गत आर्थिक वर्ष २०८०/८१ मा रु दुई अर्ब ६३ करोड २४ लाख पाँच सय २९ राजस्व सङ्कलन भएको छ । बागलुङ, डुम्रे र नवलपुरमा एक/एक र कास्कीमा दुई वटा यातायात कार्यालय, गोरखा, लमजुङ र स्याङ्जामा रहेको यातायात सेवा कार्यालयले सो राजस्व सङ्कलन गरेका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ ।

आव २०७८/७९ मा रु दुई अर्ब २४ करोड र २०७९/८० मा रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेका थिए ।

मन्त्रालयको यातायात शाखाका प्रमुख अनिल सुवेदीले सवारी खरिद/बिक्रीमा भएको गिरावटको असर राजस्वमा परेको बताए । 'सवारी करको दर यथावत भए पनि खरिद बिक्रीमा आएको कमीले राजस्व सङ्कलन घटेको हो', उनले भने ।

यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख गुमादेवी शर्माले यसअघि दैनिक १० देखि १२ वटा सवारीसाधन खरिद बिक्री हुनेमा हिजोआज दैनिक एक/दुई वटामात्र हुने गरेको बताए । मन्त्रालयका अनुसार गत आवमा सबैभन्दा बढी यातायात व्यवस्था कार्यालय सवारी कास्कीले रु एक अर्ब ४२ करोड ३० लाख ४० हजार छ सय २४ राजस्व सङ्कलन गरेको छ ।

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्कीबाट रु २४ करोड छ लाख २६ हजार छ सय ७९, बागलुङमा रु १९ करोड १६ लाख नौ हजार नौ सय २८, नवलपुरमा रु ३० करोड ३५ लाख ५३ हजार नौ सय ५३ र डुम्रेमा रु २० करोड चार लाख ७० हजार पाँच सय ९२ राजस्व सङ्कलन भएको छ ।

गोरखामा रु १२ करोड ४७ लाख ५८ हजार सात सय ५७, लमजुङमा रु चार करोड ६१ लाख ११ हजार सात सय ५५ र स्याङ्जामा रु एक करोड २२ लाख २८ हजार दुई सय ४० राजस्व सङ्कलन भएको मन्त्रालयले जनाएको छ ।

सवारी चालक अनुमतिपत्र जारी, नवीकरण, सवारीसाधन दर्ता, नवीकरण र जरिवानालगायत शीर्षकमा राजस्व सङ्कलन भएको हो । यातायात कार्यालय गण्डकी प्रदेश सरकारमा सबैभन्दा बढी राजस्व सङ्कलन गर्ने निकायहरू हुन् । यातायात कार्यालयको सेवालाई प्रविधिको प्रयोगमार्फत पहुँचयोग्य, झन्झटमुक्त र छरितो बनाउने प्रयास गरेको मन्त्रालयका सचिव शङ्करप्रसाद पण्डितले बताए ।

# बिम्स्टेकका लगानीकर्तालाई नेपालमा लगानी बढाउन आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक विकासका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) राष्ट्रका निजी क्षेत्रका प्रतिनिधिहरूलाई नेपालमा व्यावसायिक उद्यम र लगानी बढाउन आग्रह गरेका छन् ।

कन्फेडेरेसन अफ इन्डियन इन्डष्ट्रिजले विदेश मन्त्रालयसँगको सहकार्यमा भारतको नयाँदिल्लीमा आयोजना गरेको मन्त्रिस्तरीय बिम्स्टेकको व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले क्षेत्रीय मूल्य शृंखला र व्यापारमा नेपालको एकीकरणलाई सहयोग पुऱ्याउन तथा सहयोग बढाउन आग्रह गरे ।

मन्त्री भण्डारीले भने, 'यो शिखर सम्मेलन सार्वजनिक तथा निजी क्षेत्रका सरोकारवालाहरूबीचको बहुआयामिक साझेदारी, बलियो सहकार्य, पारस्परिक विश्वास र ऐक्यबद्धतामार्फत बङ्गालको खाडी क्षेत्रमा क्षेत्रीय शान्ति, स्थिरता र आर्थिक समृद्धि हासिल गर्ने हाम्रा अटल प्रतिबद्धता र साझा लक्ष्यहरूको वास्तविक पुनःस्थापना हो ।'

यो फोरम क्षेत्रभित्र व्यापार, लगानी, पर्यटन र 'कनेक्टिभिटी'जस्ता क्षेत्रमा नेटवर्किङ र व्यापार सहयोग सुधार गर्न सहायक हुने मन्त्री भण्डारीले बताए । 'हामीले व्यापार, लगानी, दिगो कृषि अभ्यास, कनेक्टिभिटी, ऊर्जा र वातावरणीय सुरक्षा तथा जलवायु परिवर्तनका लागि अनुकूलन र न्यूनीकरण रणनीतिमा सुधारिएको सहयोगलाई प्राथमिकता दिनुपर्छ, बिम्स्टेकभित्रका हाम्रा सामूहिक प्रयासहरूले विविध र जीवन्त क्षेत्रको आर्थिक परिदृश्यलाई रूपान्तरण गर्ने र साझा वृद्धि तथा विकासका अवसरहरूलाई बढावा दिने शक्ति छ', उनले भने ।

सुदृढ क्षेत्रीय सहयोगले अर्थतन्त्रको पूर्ण क्षमतालाई केही सुधार गर्न, थोरै रोजगारी सिर्जना गर्न र जनताको जीवनस्तरमा सुधार ल्याउन मद्दत गर्नसक्ने मन्त्री भण्डारीको भनाइ थियो । उनले काठमाडौँमा सम्पन्न तेस्रो लगानी सम्मेलन अघि पछिल्ला वर्षहरूमा लगानी र व्यवसायसँग सम्बन्धित प्रक्रिया पनि सुव्यवस्थित र समग्र प्रक्रियालाई सरलीकृत गरिएको उल्लेख गरे ।

मन्त्री भण्डारीले भने, 'प्राविधिक विकास, व्यापार गतिशीलता परिवर्तन र विकसित उपभोक्ता प्राथमिकताहरू सबैले विश्वव्यापी आर्थिक परिदृश्यमा द्रुत परिवर्तनमा योगदान पुऱ्याएको छ, क्षेत्रीय व्यापार र लगानी सम्झौताहरू यी परिवर्तनको राम्रोसँग सामना गर्न महत्वपूर्ण छन्, यस सन्दर्भमा, बिम्स्टेकले यस क्षेत्रको दिगो आर्थिक वृद्धिका लागि सहकार्य, आविष्कार र अनुकूल वातावरण सिर्जना गर्न हाम्रा लागि महत्वपूर्ण थलोका रूपमा काम गरिरहनेछ ।'

नेपाल प्रचुर प्राकृतिक स्रोत, लाभदायक स्थान, विविध सांस्कृतिक सम्पदा, अनुकूल जलवायु र बढ्दो प्रतिस्पर्धात्मक मानव पुँजीले सम्पन्न रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले यी सबै कारणले नेपालमा लगानी र व्यापारका लागि अवसर रहेको बताए । उनले नेपाल सरकारले आफ्ना छिमेकी र बाहिरका मुलुकसँग व्यापार, लगानी र सम्पर्क प्रवर्द्धन गर्न निरन्तर नीतिगत सुधार गरेको जानकारी गराए ।

यो बिम्स्टेक व्यापार शिखर सम्मेलनले बजार पहुँच, मूल्य शृंखला एकीकरण, निजी क्षेत्रको वृद्धि र सार्वजनिक-निजी साझेदारीमा वृद्धि गर्नका लागि ठोस नतिजा प्रदान गर्ने मन्त्री भण्डारीले उल्लेख गरे । भूपरिवेष्टित देशका रूपमा नेपालले विभिन्न समस्याको सामना गरिरहेको उल्लेख गर्दै उनले भने, 'मूलतः वैदेशिक व्यापारमा नेपालजस्तो भूपरिवेष्टित देशको पारवहन अधिकारका लागि हाम्रा छिमेकी तथा अन्य मित्र राष्ट्रहरूले निरन्तर सहयोग र ऐक्यबद्धता देखाएकामा हामी प्रशंसा गर्छौं, साना र भूपरिवेष्टित अर्थतन्त्रका लागि बिम्स्टेकले विशेष ध्यान दिनेछ भन्नेमा हामी आशावादी छौँ ।'

बङ्गालको खाडी क्षेत्रमा दिगो विकास र समृद्धिका हाम्रा साझा लक्ष्य हासिल गर्न बिम्स्टेकभित्र उत्पादनशील, जनकेन्द्रित र कार्यमुखी सहकार्यका लागि नेपाल सरकारका तर्फबाट मन्त्री भण्डारीले प्रतिबद्धता जनाए । उनले भने, 'हामीले बिम्स्टेक क्षेत्रको परिकल्पना गरेका छौँ, जुन आर्थिक रूपमा उन्नत, भौतिक रूपमा एकीकृत, प्राविधिक रूपमा नवप्रवर्तनशील, पारिस्थितिक रूपमा लचिलो र विविधताका लागि सामाजिक-सांस्कृतिक रूपमा खुला छ ।'

## गण्डकीमा ९६ प्रतिशत रोपाइँ

**कास्की (प्रस)–** गण्डकी प्रदेशको अधिकांश क्षेत्रमा रोपाइँ सकिएको छ । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार हालसम्ममा ९६ प्रतिशतभन्दा बढी रोपाइँ भइसकेको छ । सबैभन्दा बढी पर्वतमा ९९ प्रतिशत र सबैभन्दा कम गोरखामा ८७ दशमलव २८ प्रतिशत रोपाइँ भएको निर्देशनालयका कृषि अधिकृत रञ्जना पोखरेलले जानकारी दिए ।

कास्कीमा ९८ दशमलव ५०, म्याग्दीमा ९८ दशमलव ३०, लमजुङमा ९८, स्याङ्जामा ९८, बागलुङमा ९७, तनहुँमा ९६ दशमलव २२ र नवलपुरमा ९४ प्रतिशत रोपाइँ भएको हो । यस वर्ष प्रदेशभरिमा ९६ हजार ५३ हेक्टर क्षेत्रफलमा वर्षे धानखेती हुने अनुमान निर्देशनालयको छ । गत वर्ष ९७ हजार सात सय ६९ हेक्टरमा धानखेती गरिएको थियो । प्रदेशको कुल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्सेनि एक लाख हेक्टर वरिपरि वर्षे धानखेती हुँदै आएको छ । यही साताभित्रमा प्रदेशभर रोपाइँ सकिने अनुमान गरिएको कृषि अधिकृत पोखरेलले बताए । गत असार १५ सम्ममा प्रदेशमा जम्मा १५ प्रतिशत रोपाइँ भएकामा त्यसयता बढेर ९६ प्रतिशत पुगेको हो ।

# कुल्फी बेचेर मासिक एक लाख

**बरहथवा–** काम कहिले पनि सानो ठूलो हुँदैन । मेहनत गरे जुनसुकै कामबाट मनग्य आम्दानी गर्न सकिन्छ भन्ने गतिलो उदाहरण बनेका छन्–सर्लाहीको लालबन्दी नगरपालिका-२, निवासी ४६ वर्षीय मिथलेश सहनी । सहनीले कुल्फी बेचेर मनग्य आम्दानी गरिरहेका सहनीले पाँचजनाको परिवारको आनन्दसँग पालनपोषण गरिरहेका छन् । उनका एक छोरा केही समयदेखि वैदेशिक रोजगारीमा मलेसिया पुगेका छन् ।

उनले दुई छोरा घर नजिकैको विद्यालयमा पढाएका छन् । सहनी आफू भने दैनिक ६० किलोमिटरसम्म साइकलमा डुलेर कुल्फी बेच्छन् । फागुन महिनाको पहिलो हप्तादेखि सुरु हुने उनको कुल्फीको व्यापार मङ्सिर महिनासम्म चल्छ । चर्को घाम, पुरानो साइकल केरियरमा बाँधेको कुल्फीको ड्रम गाउँ गाउँसम्म पुग्ने निरन्तरको यात्रा उनको दैनिकी हो ।

'अत्यधिक गर्मी वा बर्सातको समयमा कुल्फी उत्तिसारो बिक्दैन', उनले भने, 'मानिसहरू घरबाट बाहिर निस्किदैनन्, मौसम ठिक्क भएमात्र व्यापार राम्रो हुन्छ ।' सम्पत्तिको नाममा तीन धुर घडेरीमा बनेको काठको भुइँतले घरबाहेक उनीसँग अरु केही छैन । सहनीले दैनिक ज्याला मजदुरी, कहिले खोलामा बालुवा चाल्ने त कहिले गिट्टी कुट्ने गरेर परिवारको लालनपालन गर्दै आएका थिए । समयमा धान काट्न उहाँ भारतको पञ्जाबसम्म पुगेका छन् । 'कमाई राम्रो कहिले भएन', उनी भन्छन् ।

झन्डै १५ वर्ष पहिला उनले यसैगरी अन्न (मकै) सँग बरफ साट्ने काम गरेका थिए । आम्दानी राम्रो नभएपछि लगभग तीन वर्ष काम गरेर छाडे । विगत तीन वर्षबाट फेरि उनले कुल्फी बेच्न सुरु गरेका हुन् । उनी हरेक दिन बिहान नजिकैको उद्योगबाट बरफको डल्ला किनेर ल्याउँछन् । त्यसपछि उहाँ कुल्फी बट्टाबट्टामा राखेर नुहाइधुवाइ गर्छन् ।

त्यसबेलासम्ममा कुल्फी जमेर तयार भइसक्छ । खाना खाइसकेपछि बिहान १० बजेदेखि उनको व्यापार सुरु हुन्छ । सहनी घरबाट विभिन्न गाउँ हुँदै सर्लाही र रौतहटको सीमाक्षेत्र नुनथर, बागमती नगरपालिकास्थित भरत तालसम्म पुग्छन् । साँझ घाम डुबेपछि भने उनी सिधैं घर हानिन्छन् । 'घाम डुबेपछि गाउँ पस्दिन', उनले भने, 'जति व्यापार भए पनि सिधैं घर पुग्छु ।'

दिनको कम्तीमा रु पाँच हजारको सामान ड्रममा राखेर व्यापारका लागि निस्कने गरेको उनको भनाइ छ । 'कुनै दिन अपराह्न २ बजे नै सबै बेचेर भ्याउछु', उनले भने, 'कहिले फिर्ता पनि लानुपर्छ, ३६ घण्टासम्म बिग्रँदैन् ।' पूरै बिक्री गर्दा रु दुई हजार पाँच सय फाइदा हुने उनको भनाइ छ । कुल्फी रु १० देखि ५० सम्ममा बिक्री गर्ने गरेको उनको भनाइ छ ।

कुल्फी बेचेर महिनाको रु एक लाखसम्म कमाइ हुने गरेको उनले बताए । केही भएन भने पनि मेहनत गर्न सक्दा उहाँका अनुसार कडा मेहनत पर्ने भएकाले यो पेसा सबैले मन पराउँदैनन् । 'मेहनत कडा छ', उनले भने, 'दैनिक हिँड्न सक्नुपऱ्यो, भारीसहितको साइकल ५०/६० किलोमिटर ठेल्नुपर्छ ।'

कुल्फीका लागि आवश्यक सामग्री ल्याएर आफैले घरमै कुल्फी बनाउँदा फाइदा धेरै हुने गरेको उनको अनुभव छ । बरफबाहेक सबै कुरा आफैं बनाउने उनले सुनाए । आर्थिक उपार्जनको दिगो व्यवस्था नहुँदा विगतमा निकै हण्डर खाएको सम्झँदै सहनीले कुल्फीको व्यापारपछि पछाडि फर्किएर हेर्नुनपरेको सुनाए ।

कुल्फी व्यापारपछि सहनीले पाँच क√ा धान फल्ने खेतसमेत किनेको बताए । वर्षदिन पुग्न धान आफ्नै खेतमा फल्ने गरेको उनको भनाइ छ । धेरैजसो गर्मीको मौसम रहने तराईको ठाउँमा बरफ, कुल्फी लगायतको बिक्री निकै राम्रो हुने गरेको छ । यसको व्यापारबाट धेरै स्थानीय स्वरोजगार समेत बनेर मनग्य आम्दानी समेत गरिरहेका छन् । रासस

# उच्च अंकले बढ्यो नेप्से

## १०८ अंकले नेप्से बढ्दा १८ अर्बको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** अघिल्लो दिन उच्च अंकले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार उच्च अंकको सुधार देखिएको छ ।

नेप्से परिसूचक एक सय आठ दशमलव ३५ अङ्कले बढेर दुई हजार सात सय ५९ दशमलव ६७ को विन्दुमा कायम भएको हो । नेप्से परिसूचक चार दशमलव ०८ प्रतिशतले बढेको हो । तीन सय ३० कम्पनीको तीन करोड ८० लाख ४१ हजार दुई सय ६७ कित्ता शेयर दुई लाख १२ हजार छ सय ८१ पटक खरिदबिक्री हुँदा रु १७ अर्ब ९५ करोड नौ लाख १८ हजार छ सय २७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै अन्य समूहको उपसूचक सात दशमलव ८९ प्रतिशतले बढेको छ । बैंकिङ दुई दशमलव ३२, विकास बैंक चार दशमलव ५१, वित्त सात दशमलव ६३, होटल तथा पर्यटन पाँच दशमलव १३, जलविद्युत् पाँच दशमलव ७२, लगानी तीन दशमलव ८९ र जीवन बीमा तीन दशमलव ९७ प्रतिशतले बढेको छ । त्यस्तै उत्पादन तथा प्रशोधन तीन दशमलव ५३, लघुवित्त दुई दशमलव १७, म्युचुअल फन्ड एक दशमलव ०१, निर्जीवन बीमा तीन दशमलव ०८ र व्यापार समूह पाँच दशमलव ५३ प्रतिशतले बढेको छ ।

१० वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । दुई सय ३९ कम्पनीको शेयर मूल्य बढ्दा तीनवटा कम्पनीको मात्रै घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा हिमालयन इन्स्योरेन्स लिमिटेडको रु एक अर्ब ५३ करोड ५३ लाख ६० हजार चार सय ७३ बराबरको १६ लाख ९४ हजार २१ कित्ता शेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ